बौद्ध मासिक

# धर्म चक्षु



# DHARMA CHAKSHU

मूल्य रु. १५/-

अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा

## गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं

र गुरुमाको स्मृतिमा स्थापित

# धर्मशिला विद्वत वृत्ति

प्राप्त गर्नुहुने

## भिक्षुणी सुजातालाई हार्दिक बधाई ज्ञापन गर्दछौं।

**श्रीमती शारदा पौडेल**
वागबजार, पोखरा

**श्रीमती पञ्चलक्ष्मी बुद्धाचार्य**
मोहरियाटोल, पोखरा
फोन नं: ५२७२४३

**श्रीमती नेत्रकुमारी गुभाजू**
मोहरियाटोल, पोखरा
फोन नं: ५२२४२९

**मीरा कायस्थ**
चिप्लेढुङ्गा, पोखरा
फोन नं:

**वीमा गुरुङ**
गौतमबुद्ध मार्ग, पोखरा-१०
५३०७१२

**गंगा कायस्थ**
ज्ञानमार्ग, नदीपुर
पोखरा

# धर्म चक्षु

THE DHARMA CHAKSHU

A Buddhist Monthly Pokhara Nepal

वर्ष - ८, अङ्क २, पूर्णाङ्क - ३७

मंसिर - २०६१

ने.सं. ११२५ / Nov.: 2004

धर्मशिला बुद्ध विहार,

धर्मशिला मार्ग, नदीपुर, पोखरा

**प्रकाशक/प्रधान सम्पादक**

भिक्षु श्रद्धानन्द, ☎ ५२०५१७

**व्यवस्थापक**

अनागारिका कर्मशिला

(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**

युवा बौद्ध संघ

(विकाशरत्न शाक्य, चेतन सि ताङ्वे, बलराम लामा)

**काठमाडौं प्रतिनिधि**

सविता धाख्वा

**सहयोगीहरु**

याम कुमारी गुरुङ, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**

सम्पादक तिलकमान गुभाजू

१४४ - नयाँ बजार, पोखरा - ८

☎:- ५२०२४६


सम्पादकीय..........................................................

## अनगारिका धर्मशिला गुरुमालाई सम्झँदा.....

अनगारिका धर्मशिला गुरुमा हामीबाट बिछोडिएर जानु भएको १८ वर्ष पुगेको छ। तैपनि हामीलाई उहाँ यतै कतै हुनुहुन्छ जस्तो लागि रहन्छ। उहाँका पद चिन्हहरु, उहाँले गर्नु भएका कार्यहरु र नीति निर्देशनहरु सँधै हाम्रा अगाडी ताजा रहिरहेको हामीलाई अनुभव हुन्छ। अझपनि गुरुमा भएको भए भन्ने..... शब्द बिहारमा निस्किरहेको हुन्छ र प्रत्यक्ष/परोक्षरुपले उहाँको सहारा खोज्ने प्रवृत्ति हटेको छैन। हाम्रो सम्झनाको पटलमा उहाँ सँधै रहिरहनु भएको छ र रहिरहनु हुनेछ।

मानिस स्थुल शरीरमा होइन, काममा बाँच्दछन भन्ने कुरा उहाँको जीवनीबाट प्रष्ट भएको छ। उहाँले गरेर जानु भएका प्रत्येक साना/ठूला कामले सम्झनाको दीयो बालिरहेका छन्। उहाँको जीवनी प्रेरणाप्रद थियो र हामीले त्यसबाट प्रेरणा लिन सक्नु पर्दछ।

धर्मशिला गुरुमाले जीवनको बिविध क्षेत्रमा योगदान गर्नु भएको थियो। धर्मको क्षेत्रमा उहाँले गर्नु भएको योगदान अविस्मरणीय छ। उहाँको योगदानको कदर गरेर विहार परिवारले बुद्धविहारको नाम परिवर्तन गरेरधर्मशिला बुद्ध बिहार राखेको छ। बिहार परिसरमा उहाँको प्रतिमा निर्माण गरेको छ। विहार अगाडीको लिंक रोडको नाम धर्मशिला मार्ग राखिएको छ। चार वर्ष पहिले अनगारिका कर्मशिलाले उहाँको स्मृतिमा धर्मशिला विद्वत वृत्ति स्थापना गर्नु भएको छ। विद्वत वृत्ति यस क्षेत्रका लागि सर्वथा नयाँ र नौलो विषय भएको छ। यो वृत्ति बुद्धधर्मको अध्ययन, अनुसन्धान र खोजीका लागि प्रदान गरिन्छ। जसले यो वृत्ति पाउँछ, उसले एक वर्ष सम्म तोकिएको ठाउँमा र समयमा प्रवचन दिने र गोष्ठी आदिमा कार्यपत्र प्रस्तुत गर्नुपर्ने प्रावधान राखिएको छ। राजधानी बाहिर बौद्ध प्रवचन गर्ने, धर्मदेशना गर्ने व्यक्तित्वको सर्वथा अभाव भएको बेलामा यसले केही हदतक भएपनि त्यो अभाव पूर्ति गरेको अनुभव गरिएको छ।

यस पटक धर्मशिला विद्वत वृत्ति ललितपुर.......का भिक्षुणी सुजातालाई प्रदान गरिने भएको छ। बौद्ध जगतमा भिक्षुणी सुजाता को आफ्नै पहिचान छ। उहाँ सँधै सक्रय र जे काम गर्न पनि तत्पर हुनुहुन्छ। उहाँले २०४८ सालमा एम.ए (महेन्द्र विद्या भूषण प्रथम श्रेणी) को पढाई पूरा गरी यस्तै सोधखोजमा लाग्नु भएको छ। उहाँले परियत्ति सद्धम्म कोविद पनि पास गर्नु भएको छ। त्यस्तो व्यक्तित्वलाई धर्मशिला विद्वत वृत्ति प्रदान गर्नु उपयुक्त र औचित्यपूर्ण छ। हामी उहाँलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छौं र उहाँको उत्तरोत्तर उन्नति र प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।

यस अघि सो विद्वत वृत्ति भिक्षु कोण्डन्य र भिक्षु सुशीललाई प्रदान गरिएको थियो। उहाँहरुले आफ्नो जिम्मेवारी सफलतापूर्वक पूरा गर्नु भएको छ भने भिक्षुणी सुजाताबाट पनि बुद्धधर्मको प्रचार प्रसारमा त्यस्तै गहन जिम्मेवारीको अपेक्षा गरिएको छ।

अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा

**गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं**

र गुरुमाको स्मृतिमा स्थापित

# धर्मशिला विद्वत वृत्ति

प्राप्त गर्नुहुने

## भिक्षुणी सुजातालाई हार्दिक बधाई ज्ञापन गर्दछौं।


**श्रीमती तुमलादेवी बुद्धाचार्य**
मोहरियाटोल, पोखरा
फोन नं: ५२३२२१

**श्रीमती सरस्वती बुद्धाचार्य**
मोहरियाटोल, पोखरा
फोन नं: ५२२३४२

**श्रीमती चन्द्रलक्ष्मी बुद्धाचार्य**
मोहरियाटोल, पोखरा
फोन नं: ५२०२१५

**श्रीमती फूलु बज्राचार्य**
मोहरियाटोल, पोखरा
फोन नं: ५२२३२५

**श्रीमती सुनपुतली बुद्धाचार्य**
मोहरियाटोल, पोखरा
फोन नं: ५२०४८८

**सुश्री सन्तमाया बज्राचार्य**
तथा
**श्रीमती जोगमाया बुद्धाचार्य**
मोहरियाटोल, पोखरा
फोन नं: ५३७४१२

# भक्तिनी धर्मशीला : एक अद्वितीय महिला

केशवराज पराजुली

पढे-लेखेर जान्ने-सुन्ने भएपछि मात्रै धर्मशीला नाम मैले सुनेको हुँ। तर धर्मशीलालाई आफ्नो बाल्य-वयदेखि नै देख्दै आएको थिएँ। टोल छिमेकका मानिसहरु उनलाई भक्तिनी भन्ने गर्थे। साँचो मानेमा भक्तिनी उनलाई किन भन्दथे मानिसहरु त्यो बेला राम्ररी मलाई थाहा थिएन। मुण्डित शिर, अनौठो परिधानले समाजका अरु जम्मै मानिस भन्दा भिन्दै, संभवतः नितान्त एक्ली देखिने उनलाई मानिसहरु भक्तिनी किन भन्थे, म बुझ्दैनथें। भक्तिनी भन्नासाथ मेरो मानस पटमा एउटा जो चित्र अंकित हुन्थ्यो, पछि त्यो चित्रले बोध हुने व्यक्तिको संगतमा नै म पुगें। उनको नाम धर्मशीला रहेछ, मानिसहरु उनलाई भक्तिनी किन भन्दा रहेछन् अनि मात्रै थाहा भयो। भक्तिनी धर्मशीलाको वासस्थानलाई विहार भन्ने गरिन्थ्यो। धर्मशीलालाई छिमेकका मानिसहरु बिहारकी भक्तिनी भन्थे।

बुद्ध बिहार मैले थाहा पाउँदा पोखरामा एउटै मात्र थियो, र त्यो धर्मशीला वस्नु हुने, उहाँकै निमित्त, उहाँकी शिष्याले वनाइ दिएको बिहार थियो। पोखराका लब्ध प्रतिष्ठ व्यक्तित्वहरु- विद्वान, समाजसेवी, व्यापारी, उद्योगी- जो केही चिन्तनशील र क्रियाशील हुन्थ्यो, उ बिहारमा गएको देखिन्थ्यो। सरकारी कार्यालयका हाकिम कारिन्दा पनि बिहारमा आउने जाने गर्दथे। ढुंगाले छाएको बिहार नामको त्यो घरको वीचको तलामा गौतम बुद्धको भव्य मूर्ति सजाएर राखिएको आज पनि हामी देख्दछौं। त्यहीं एउटा कुनामा बेलायती कुकुर सुतिरहेको हुन्थ्यो वा झ्यालबाट बाहिर निहारिरहेको हुन्थ्यो। कुकुर बाहेक बिहारमा एउटा गाई पनि पालिन्थ्यो। गाई पनि मोटोघाटो र सफासुघर हुन्थ्यो। बिहारमा आउने सबै किसिमको पाहुनालाई धर्मशीला दिदीले त्यही गाईको दूधमा चिया वनाएर टक्रयाउनु हुन्थ्यो। बिहारको बुद्धको आकर्षक मूर्ति सजाएको तला आगन्तुकहरुलाई भेट्ने कोठा थियो। राजनीतिक संगठनको वैठक पनि प्रतिबन्धित अवस्थामा यदाकदा त्यहीं गर्दथे। त्यस्ता वैठकहरुमा जाँदा त्यहाँ कुकुरसँग बिरालो खेलिरहेको पनि देखे जस्तो लाग्छ। नीति कथाहरु र पुराणहरु सुन्दा-पढ्दा कुकुर-बिरालो, बाघ र मृग, मुनिका आश्रमका आसपास सँगै बस्छन, त्यहाँ हिंसा हुँदैन कल झगडा हुँदैन भन्ने सुने जानेको हो। ठीक त्यस्तै स्थिति पोखराको बुद्ध बिहारमा देखिंदा धर्मशीलाको नाम सार्थक भए झैं लाग्दथ्यो। भेदभाव र विषमता त्यहाँ देख्न पर्दैनथ्यो।

बिहारमा ०७ साल भन्दा पहिले नै पं. मुक्तिनाथ शर्मा र पं. ऋषि केशव पराजुलीको आइ-जाइ हुने गरेको देखिएको र सबैलाई थाहा भएकै कुरा हो। ०७ सालको जनक्रान्तिको १०४ वष निरंकुश जंगबहादुरी शासनको अन्त्य गरे पछि उनीहरुको बिहारमा आइ-जाइको रहस्य सबैले थाहा पाए। चेतनाको विकास, भौतिक विकास र शासनमा प्रजातान्त्रिक पद्धतिको स्थापना निम्ति मानिसलाई संगठित गर्ने र आवाज उठाउने कुरामा चासो राख्ने, हुटहुटी लिएर हिंड्ने देखे-जानेका र बुझेका एक हातका औंलामा गन्न पनि पर्याप्त नभएका थोरै मानिसहरुमा अगाडि नाम लिइने मानिसहरु मध्ये धर्मशीला अनगारिका अग्रणी हुनुहुन्थ्यो। ०७ साल अघि पोखरामा आधुनिक शिक्षा सर्वसुलभ गर्न विद्यालय स्थापनाको उठान गर्ने व्यक्ति हुन् पं. मुक्तिनाथ शर्मा र ऋषि केशव पराजुली। उनीहरुले आफ्ना सामाजिक जीवनका क्रियाकलाप सार्वजनिक गरेका छन्। उनीहरुको कथन छ- पोखराको पहिलो सार्वजनिक विद्यालय स्थापना गर्ने कुराको प्राथमिक सर सल्लाह बुद्ध बिहारमा भएको थियो र धर्मशीला अनगारिका त्यो सर सल्लाहमा सहभागी हुनुहुन्थ्यो।

नेपालमा प्रजातन्त्रको स्थापना गर्न पहिले जंगबहादुरी शासनको अन्त्य हुनु पर्थ्यो। यो त्यति सहज कुरा थिएन। ०९७ सालमा गाथ-गादी ताकेको आरोप लगाएर शुक्रराज शास्त्री, धर्मभक्त, दशरथ चन्द र गंगालाललाई

मृत्यु दण्ड दिइएको कुरा धेरैले सुने जानेका थिए। निरंकुशता विरुद्ध मानिसहरुमा असन्तोष थियो नै। त्यसैले कलकत्तामा नेपालीहरु बाट नेपाल राष्ट्रिय कांग्रेस संघठित भएको कुरा हिजो आजको जस्तो संचारका साधन-सुविधा नितान्त दुर्लभ भएपनि कर्ण परंपराबाट धेरै मानिसलाई ज्ञात थियो। कांग्रेस उठ्छ रे आउँछ रे भनेर समाजका बुढा - पाकाहरु बीच कुराकानी तेस्रो मानिसले नसुन्ने गरी हुन्थ्यो। कसैलाई नभन्नु थाहा पाए धुन्छन् भनेर सुटुक्क गरिएको कुरा भएपनि सामाजिक कुरामा चासो राख्ने मध्यमवर्गीय धेरै जसोलाई थाहा थियो। नेपाली राष्ट्रिय कांग्रेसको तर्फबाट ०५/०६ सालतिर यहाँ कांग्रेसी संगठन खडा गर्न श्रीभद्र शर्मा र राजेश्वर देवकोटा खटिएका थिए। त्यस्तै राणा शाही विरुद्ध भारतमा खडा गरेको अर्को राजनीतिक संगठन नेपाल प्रजातन्त्र कांग्रेसको तर्फबाट पनि यहाँ संगठन बनाउन मानिस खटिएर आएको थियो, जो गुप्त भेषमा थियो। उसलाई मानिसहरु कानो बाबा भन्थे। ती दुवैथरी ले आफ्नो जिम्मेवारी पूरा गर्न प्रयत्न गरेका थिए। ती दुवैथरी सँग धर्मशीला अनगारिकाको प्रत्यक्ष परोक्ष संपर्क थियो। त्यसैकारण कानो बाबा ०७ साल चैत तिर प्रशासनिक पक्राउ पर्दा निजको साथबाट बरामद भएका कागजातका आधार मा सोही सालको असार महिनामा पोखराका केही मानिसहरु पक्राउ परे। धर्मशीला अनगारिका पक्राउ पर्ने मध्ये एक हुनुहुन्थ्यो। तिनीहरुका नजरमा भक्तिनी भएर बिहारकी भिक्षुणी मात्र नभएर, बिद्रोही राजनीतिक संगठनकी सक्रिय कार्यकर्ता हुनुहुँदो रहेछ भन्ने कुरा सो पक्राउले पुष्टि गर्दछ। उहाँको त्यो सक्रियता प्रजातन्त्रको पक्षमा जीवन पर्यन्त कायम थियो।

बुद्ध धर्म मान्ने बौद्ध उपासक-उपासिका पोखरामा पहिले देखि नभएका होइनन्, तर धार्मिक गतिविधि नगण्य जस्तै थियो। धर्मशीलाका माता पिता पनि बौद्ध नै थिए। उनीहरु छोरी भिक्षुणी बनोस् भन्ने चाहना गर्दैनथे। बिलक्षण स्वभावकी धर्मशीलाले भिक्षु महादानको शिक्षाबाट प्रभावित भएर १६/१७ वर्षको चढ्दो जवानीको बेलामै प्रवज्जित हुने संकल्प गरिन्। आमा-बाबु र अरु परिवारजनको निषेध र प्रतिरोधले उनको संकल्पमा परिवर्तन ल्याउन सकेनन्। आफ्नो अठोटलाई पूरा गर्न एक दिन उनले पनि गौतम बुद्धले झैं भिक्षुणी बन्न गृहत्याग गरी कुशीनगर, जो एउटा बौद्ध तीर्थस्थल मानिन्छ, तर्फ प्रस्थान गरिन्। त्यतिबेला यातायातको विकास भएको थिएन। पैदल नै हिड्नु पर्दथ्यो। उनी नितान्त एक्ली थिइन्। पोखराबाट बन्दीपुर नारायणगढ हुँदै ठोरीको जंगलको बाटो उनी कुशीनगर पुगिन्। त्यतिखेर उनको आँट र साहस नै उनका साथी थिए। तर उनको मुराद त्यो यात्रामा पूरा हुन सकेन। उनको उमेरमा प्रवज्जित हुन आमा-बाबुको स्वीकृति चाहिने कुरा गरी गुरुले दीक्षा दिन अस्वीकार गरे। गुरुको अस्वीकृतिलाई उनले आफ्नो परीक्षा संझी गुरुको आदेश पालन गरी घर फिर्ता भइन्। संकल्पले उनलाई घरमा शान्तिसँग बस्न दिएन। पुनः उनी कुशीनगरको यात्रामा तानसेन बुटवल हुँदै प्रस्थित भइन्। यसपटक बौद्ध भिक्षु विशुद्धानन्द सँग यात्रा मार्गमा संगत मिल्यो। भिक्षुबाट उनले धेरै शिक्षा प्राप्त गरिन् र उनकै सद्भावपूर्ण सहयोगबाट उनको कामना पूरा भयो, उनी भिक्षुणी बनिन्। धर्मशीला उनको प्रवज्जित भएपछिको नाम हो। त्यस अघि उनको नाम टेक लक्ष्मी थियो। धर्मशीला भिक्षुणी बनेर पोखरा आएपछि बुद्ध बिहार बन्यो। यो १९९८ सालको कुरा हो। बुद्धधर्म संबन्धी गतिविधि स्वतन्त्र रुपमा गर्न तत्कालीन शासन व्यवस्थाका कारण निषिद्ध थियो। बौद्धहरु बुद्ध जयन्ती सार्वजनिक रुपमा मनाउन पाउँदैनथे। बिहार बनेपछि बौद्ध उपासक-उपासिकाहरुको बिहारमा आवागमन स्वाभाविक रुपमा हुने नै भयो। यसले धार्मिक गतिविधि मात्रै बढाएन, थरीथरीका संगठन सूत्रहरु बने। निरक्षरता-अशिक्षा जस्ता व्यवधानसँग धर्मशीलाले जुध्नु पर्‍यो तापनि हरेस नखाइकन बौद्ध समाजलाई संगठित गर्न बौद्ध शिक्षाको प्रचार-प्रसार कार्यमा उनी निरन्तर लागि परिन्। उनको समयमा पोखरामा उनी जति शिक्षित नारी अरु कोही थिएन। त्यसैले उनी हरेक क्षेत्रमा अग्रणी रहिन्। पोखराको सामाजिक, राजनैतिक, धार्मिक जागरणको भनौं आन्दोलनको इतिहाससँग धर्मशीलाको नाम जोडिएको छ। उनको बिहारमा

जातीय भेदभाव थिएन, अछुतहरुले पनि प्रवेश पाएका थिए। विशेषतः नेवार जातिका महिलाहरुलाई जगाउने, शिक्षित पार्ने काम सकेको उनले गरिन् । व्यापारी साना-ठूला साहु महाजन कहाँ उनको प्रवेश थियो । उनी संमानित थिइन् । उनलाई सबैले आदर गर्दथे । पोखराको विकास निर्माणमा मात्रै उनको भूमिका अग्रगण्य रहेको होइन, विदेशमा समेत उनले पोखराको प्रतिनिधित्व गरिन् । एउटा सामान्य कालीगढ परिवार मा जन्मिएर सामान्य लेखपढ संमको शिक्षा प्राप्त गरेकी धर्मशीलाले देश र जनताको उत्थानका निमित्त जे-जति गरिन्, त्यो उदाहरणीय छ , अविस्मरणीय छ। उनी जीवित छँदापनि उनी जस्तो अर्को महिला कोही थिएन, उनको जीवन निःशेष भए पछि पनि त्यस्तो नारी अहिलेसम्म देखिएको छैन । उनी अद्वितीय आदर्श नारी हुन् ।


अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाको हार्दिक स्मरण गर्दै उहाँको नाममा स्थापित **धर्मशिला विद्रत वृत्ति** प्राप्त गर्नुहुने **भिक्षुणी सुजातालाई** हार्दिक शुभकामना व्यक्त गर्दछु ।

श्रीमती लक्ष्मी बुद्धाचार्य
पृथ्वीचोक, पोखरा फोनः ५२०५६३

अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाको हार्दिक स्मरण गर्दै उहाँको नाममा स्थापित **धर्मशिला विद्रत वृत्ति** प्राप्त गर्नुहुने **भिक्षुणी सुजातालाई** हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सुश्री कृष्ण कुमारी ताम्राकार
ज्ञानमार्ग, नदीपुर, पोखरा
फोनः ५३३५४८

अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाको हार्दिक स्मरण गर्दै उहाँको नाममा स्थापित

**धर्मशिला विद्रत वृत्ति**

प्राप्त गर्नुहुने

**भिक्षुणी सुजातालाई**

हार्दिक शुभकामना व्यक्त गर्दछु ।

श्रीमती दमयन्ती शाक्य
तेर्सापट्टी, पोखरा
फोन नं: ५२०६३२

अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र गुरुमाको स्मृतिमा स्थापित

**धर्मशिला विद्रत वृत्ति**

प्राप्त गर्नुहुने

**भिक्षुणी सुजातालाई**

हार्दिक बधाई ज्ञापन गर्दछु ।

सन्तकुमारी बुद्धाचार्य
मोहरीया टोल, पोखरा
फोन नं: ५२३३३७

# प्रतीत्यसमुत्पाद भवचक्रबाट धर्मचक्रसम्म

छत्रराज शाक्य, तानसेन

### १. प्रतीत्यसमुत्पादको अर्थ:

प्रतीत्यसमुत्पादलाई पाली भाषामा "पटिच्चसमुत्पाद" भनिन्छ । पटिच्च वा प्रतीत्य वा प्रत्ययको अर्थ "प्राप्तकर" हुन्छ । त्यस्तै समुत्पादको अर्थ सह प्रादुर्भाव हुन्छ । त्यसैले प्रतीत्यसमुत्पाद भन्नाले कुनै एक प्राप्त भएर प्रादुर्भाव हुनु हो । यसलाई यसरी पनि भन्न सकिन्छ । पटिच्च, प्रतीत्य वा प्रत्ययको अर्थ हेतु वा कारण, समको अर्थ साथमा र उत्पादको अर्थ उत्पत्ति । यसैले अर्थ हुन गयो कुनै एक कारणले गर्दा त्यसको साथ सँगै अर्को कुरा उत्पन्न हुनु । अर्थात प्रतीत्यसमुत्पादलाई हेतु-फल परम्परा भन्न सकिन्छ । यस्तो भएको खण्डमा यो हेतु, यो प्रत्यय (कारण) ले त्यो फल हुन्छ । "अस्मिन सति इदं भवति" अर्थात यस्तो हुनाले यस्तो हुन्छ । यसको उत्पत्तिले त्यसको उत्पत्ति हुन्छ । यो भएन भने त्यो पनि हुँदैन । अर्थात यसको निरोधले त्यो निरुद्ध हुन्छ । प्रतीत्यसमुत्पाद कार्य कारण नियमलाई अविछिन्न प्रवाह जस्तो विच्छिन्न प्रवाह (Discontinuous Continuty) मानिन्छ । एक कारणले अर्को कार्य उत्पन्न हुन्छ । प्रथम कारणको विनाशपछि अर्को कार्य उत्पन्न हुने हुन्छ । यो कार्य पनि अर्को चरणमा गएर कारण बन्दछ । प्रतीत्यसमुत्पादको आध्यात्मिक अर्थ लगाउने हो भने यस संसारमा प्रत्येक कुरा क्षणभंगुर छ, अनित्य छ, क्षणिक छ । यहाँ कुनै पनि कुरा शाश्वत सत्य छैन । सबै धर्म क्षणिक छ । यहाँ सबै कुरा हेतु प्रत्यय जनित छ । कुनै हेतुविना केही हुँदैन । भव वा संसार चक्र सञ्चालन भइरहनुमा पनि कुनै न कुनै हेतु प्रत्यय हुन्छ । यसको अर्को दार्शनिक पक्ष हो- कुनै निर्विकार , शाश्वत परं सत्य शक्ति तत्वबाट सम्पूर्ण भवको सृजना भएको हो र त्यही परं शक्ति तत्वबाट सम्पूर्ण भव सञ्चालित वा चलायमान, गतिमान भएको छ भन्नु मिथ्या हो । भवचक्र संचालन सहेतुक हो । अहेतुक यहाँ कुनै भव हुन्दैन । यो दृष्टि राख्नु सम्यक दृष्टि हो ।

भगवान गौतम बुद्धले बुद्धगयाको बोधि वृक्षको छहारीमा ध्यान गर्दा गर्दै बैशाख पूर्णिमाको रात्री प्रथम प्रहरमा पूर्वजन्म ज्ञान, दोस्रो प्रहरमा दिव्य चक्षुज्ञान र अन्तिम वा तेस्रो प्रहरमा प्रतीत्यसमुत्पाद ज्ञानको साक्षात्कार गर्नु भयो । यस अनुसार अविद्या र तृष्णा मूलहेतुबाट भवचक्र संचालन भएर सत्व वा जीवले जन्म जन्मान्तर अनेकौं सुख दुःख भोग्नुपर्ने र सो अविद्या र तृष्णालाई निरोध गर्न सकेको खण्डमा भवचक्रमा परिवर्तन भई निर्वाण साक्षात्कार हुने ज्ञान परं आध्यात्मिक तत्वको ज्ञान प्राप्त गर्नु भयो । विपश्यना ध्यानको माध्यमबाट भवचक्रलाई तोडी धर्मचक्रमा परिवर्तन गर्नु भई सम्वोधि ज्ञान प्राप्त गर्नु भई, सम्यक सम्बुद्ध हुनु भयो ।

### २. प्रतीत्यसमुत्पाद चक्रको बाह्र अंग:

एक हेतुले त्यसको फल उत्पन्न गराउँदछ । यो हेतु- फल परम्परा चक्रको बाह्र अंग भएको हुनाले यसलाई "द्वादसनिदान" पनि भनिन्छ । प्रतीत्यसमुत्पाद (The Law of Dependent Origination) तथ्यमा आधारित र क्रमबद्धज्ञान स्वभावको भएको हुनाले यो सिद्धान्त बौद्ध दर्शनमा ज्यादै नै महत्वपूर्ण वैज्ञानिक सिद्धान्त (Scientific Theory) मानिन्छ ।

मानिस किन कसरी र कहिले जन्मन्छ, किन कसरी र कहिले मर्दछ ? मानिस मरेर समाप्त हुन्छ कि हुँदैन वा पुनः जन्म हुन्छ कि हुँदैन ? अथवा जन्म र मरणबाट बच्न वा मुक्त हुन सक्दछ कि सक्दैन ? यी महत्वपूर्ण प्रश्नको जवाफ विज्ञानले (Science) यथार्थ रुपमा आजको बीसौं शताब्दीमा आएर पनि दिन सकेको छैन । विज्ञानले अनुसन्धान एवं अन्वेषण गरेर निष्कर्षमा पुग्न बाँकी नै छ । तर आज भन्दा करिब २५०० वर्ष अघि भगवान बुद्धबाट प्रतिपादित प्रतीत्यसमुत्पाद वा हेतुवादको सिद्धान्तद्वारा उपरोक्त सबै तथ्यहरुको रहस्यादघाटन भैसकेको छ । त्यसैले

बुद्धबाट उपदेशित मानव धर्म विज्ञानवादी मात्र होइन, अपितु विज्ञान भन्दा एक कदम अगाडी पुगी सकेको सावित हुन्छ।

प्रतीत्यसमुत्पाद सिद्धान्त अन्तर्गत- मानिसको जन्म किन हुन्छ- देखि लिएर मरण सम्म भवचक्रमा घुमि रहने र सो भवचक्रलाई तोडी धर्मचक्रमा परिवर्तन गरी निर्वाण साक्षात्कार अर्थात पुनर्जन्मको चक्रलाई तोड्ने पद्धति अनुसार निम्न बाह्र अंगहरुको चर्चा गरिएको छ :

## १. अविज्जापच्चया सङ्खारा-

अविद्याको कारणले संस्कार हुन्छ। अविद्या भन्नुको अर्थ अनपढ अथवा कुनै पढाइ संबधी पदवी प्राप्त नगरेको क्लेशदशा चित्त सम्बन्धित छ। वस्तुत: चार आर्य सत्य- दुःख सत्य, दुःख समुदाय सत्य, दुःख निरोध सत्य र दुःख निरोधगामी सत्यलाई स्वानुभूतिबाट नजान्नु नै अविद्या हो। मानिसमा अविद्याको कारणबाट संस्कारको उत्पत्ति हुन्छ। यसरी अविद्या प्रतीत्यसमुत्पादको प्रथम कारण मानिन्छ। तर विना कारण अविद्या उत्पन्न हुँदैन। अविद्या पनि सहेतुक हुन्छ। कामासव (लोभ), भवसव (अपर भूमिको तीव्र कामना), दिट्ठासव (मिथ्या दृष्टि) र अविज्जासव (आर्यसत्यको अज्ञानता) यी चार आसव धर्महरुबाट अविद्या उत्पन्न हुन्छ।

## २. सङ्खारपच्चया विञ्ञाणं-

संस्कारको कारणले विज्ञान उत्पन्न हुन्छ। संस्कार भित्रको त्यो खण्डलाई भनिन्छ, जसले प्रतिक्रिया गरेर कर्म संस्कार बनाउँदछ। चित्तको चेतनाबाट उत्पन्न हुनेवाला सम्पूर्ण कर्मको फलस्वरुप पनि संस्कार बन्दछ। प्रथम चरणको " अविज्जापच्चया सङखारा " मा कार्य संस्कार हुन्छ भने दोस्रो चरणको "सङखार पच्चया विञ्ञाण" मा कारण संस्कार बनेको छ। अत: संस्कार द्विविध चरित्रको छ। विज्ञान अर्थात चित्तको चेतना खण्ड, जसलाई शुद्ध चित्त पनि भनिन्छ, जब विभिन्न इन्द्रियहरुमा विभिन्न विषयसित स्पर्श हुन्छ, त्यसबेला विज्ञान उत्पन्न हुन्छ। जस्तै चक्षु इन्द्रियले कुनै वस्तु देख्नाले चक्षु विज्ञान उत्पन्न हुन्छ। अत: सचित्त संस्कारको पुञ्जको प्रवाह विज्ञान हुन्छ, जसले पुनर्जन्म गराउँदछ।

## ३. विञ्ञाणपच्चया नामरूपं-

विज्ञानको कारणले नाम रुप उत्पन्न हुन्छ। नामले चित्त अथवा मनलाई संकेत गर्दछ भने रुपले भौतिक शरीर एवं पदार्थ। चेतनाले नै चित्त, मन भौतिक शरीर एवं पदार्थलाई जान्ने बुझ्ने अवस्था सैदा गर्दछ।

## ४. नामरूपपच्चया सलायतनं-

नाम रुपको हेतुले चक्षु श्रोत, धाण, जिव्हा, काय र मन ६ इन्द्रियको उत्पत्ति हुन्छ। यी इन्द्रियहरुको आ- आफ्नो धर्म स्वभाव अनुसार काम हुन्छ। चक्षुले कुनै वस्तु हेर्ने काम गर्दछ भने श्रोतले शब्द सुन्ने काम गर्दछ। यसरी चक्षु विज्ञान, श्रोत विज्ञान, घाण विज्ञान, जिव्हा विज्ञान, काय विज्ञान र मनोविज्ञान उत्पन्न हुन्छ। यी इन्द्रियहरुमा "म" "मेरो" "अहं" भन्ने केही कुरा हुँदैन। आँखाले केही वस्तु देख्दछ भने होस राखेर खालि हेर्ने काम मात्र गर्नु पर्दछ, कुनै राग र द्वेषको प्रतिक्रिया जनाउन हुँदैन। अन्यथा सं कार खडा हुन गई प्रतीत्यसमुत्पाद अन्तर्गत भवचक्र भित्र अल्झिरहने बाहेक अरु केही हुँदैन।

## ५. सलायतनपच्चया फस्सो-

षडायतन अर्थात ६ इन्दियहरुको कारणबाट स्पर्शको उत्पाद हुन्छ। आँखाको स्पर्श रुपसित, कानको स्पर्श शब्द, नाकको स्पर्श गन्ध, जिब्रोको स्पर्श रस, कायको स्पर्श पदार्थ र मनको स्पर्श विचार धर्मसित हुन्छ।

## ६. फस्सपच्चया वेदना-

स्पर्शको कारण वेदना उत्पन्न हुन्छ। ६ इन्द्रियहरुको स्पर्श पनि ६ प्रकारकै हुन्छन्। जुन जुन इन्द्रियले जुन जुन वस्तुमाथि स्पर्श गर्दछ, त्यही त्यही प्रकारको इन्द्रिय स्पर्श वेदना उत्पन्न हुन्छ। जस्तै- चक्षु संस्पर्शजा वेदना आदि। वेदना तीन खण्डमा विभाजित छन्। सुखद वेदना, दु:खद वेदना र उपेक्षा वेदना (नसुख-नदु:ख वेदना)

## ७. वेदनापच्चया तण्हा -

वेदनाको कारणले तृष्णा (इच्छा) उत्पन्न हुन्छ। अविद्या र तृष्णा प्रतीत्यसमुत्पादमा चक्रलाई अनुलोम

दिशामा घुमाउने मुख्य धुरी (Axle) को काम गर्दछ । यी दुई कारणबाट नै सत्व भवचक्रमा अल्झिरहने हुन्छ । कामतृष्णा (विषय सुखको तृष्णा) भव तृष्णा (पुनः जन्मेर सुख भोग्ने इच्छा) विभव तृष्णा ( यसै जन्ममा भोगलिप्सा इच्छा) तीनवटा मुख्य तृष्णाहरु हुन् । यसको साथै षडायतन सम्बन्धी ६ तृष्णाहरु पनि छन्- जस्तै रुप तृष्णा, शब्द तृष्णा, गन्ध तृष्णा, रस तृष्णा, स्पर्श तृष्णा र धर्म तृष्णा आदि । मानिसलाई दुःख वेदना छ भने सो दुःख हटोस् र सुख प्राप्त होस् भनी कामना गर्दछ । यस्तै सुखानुभूति (सुख वेदना) भई रहेको बेलामा पनि अझ बढी सुखको लालसा गर्ने हुन्छ । यसरी वेदनाको कारणले तृष्णा उत्पन्न हुन्छ ।

## ८. तण्हापच्चया उपादानं-

तृष्णाको हेतुले उपादान हुन्छ । उपादान भन्नाले कुनै वस्तु माथि बढी मात्रामा टाँसीरहनु तीव्र लालसा गर्नुलाई भनिन्छ । अर्को शब्दमा पंच कन्ध प्रति गहिरो आसक्ति हुनुलाई उपादान भनिन्छ । पंचस्कन्ध अन्तर्गत नाम स्कन्ध अन्तर्गत विज्ञान, संज्ञा, वेदना र संस्कार स्कन्ध चारवटा स्कन्ध र रुप स्कन्ध गरी पाँचवटा स्कन्ध आदि आउँदछन् । यी स्कन्धप्रतिको तिव्र आसक्तिलाई नै उपादान भनिन्छ । काम वा इन्दिय सम्बन्धी वासना - कामोपादान, मिथ्यादृष्टि सम्बन्धी दृष्टयुपादान, व्रत-उपवास सम्बन्धी तीव्र कामना- शीलव्रतोपादान र आत्मावादी दृष्टि सम्बन्धी- आत्मवादोपादान, यी चारै प्रकारका उपादानलाई कुशल मान्न सकिन्न । प्रारम्भमा तृष्णा सामान्य इच्छा वा कामनाको रुपमा रहन्छ, विस्तारै सो इच्छा वृद्धि हुँदै गएर तीव्र इच्छा, लालसा वा आसक्तिमा परिणत भयो भने कामोपादान हुन जान्छ । यसरी सम्पूर्ण उपादान उत्पन्न गर्ने तृष्णा नै मुख्य दोषरुपी वीउ हो ।

## ९. उपादानपच्चया भव-

उपादानको कारणले भव उत्पन्न हुन्छ । उपादानले कर्मतिर ढकेल्छ । कर्म नै भव हो । केही हुनु नै भव हो । लौकिक कुशल एवं अकुशल कर्म सम्बन्धी चेतनाले "कर्मभव" उत्पन्न हुनछ । जुन कर्मले फल उत्पाद गर्दछ, त्यही नै भव हुन्छ । लौकिक कुशल एवं अकुशल कर्मले जुन लौकिक विपाक (फल) भविष्यमा उत्पन्न गराउँद, त्यसलाई उत्पत्ति भव भनिन्छ । संस्कार "अतति भव"मा उत्पन्न हुने चेतना हो । अनागत भवमा फल प्राप्त गर्नको लागि यही वर्तमान भवमा उत्पन्न चेतना "कर्म भव" हुन जान्छ । काय कर्म वाचिक कर्म र मनोकर्म तनै प्रकारको कर्म मिलेर कर्मभव हुन्छ ।

## १०. भवपच्चया जाति-

भवको कारणले जाति अर्थात जन्म हुन्छ । विज्ञान, नाम एवं रुपको प्रथम उत्पादखे जाति वा जन्म हुन्छ । यो प्रतिसन्धि हो । कर्म भव एवं उपपति भव दुबैबाट जाति उत्पन्न हुन्छ । चतु आर्य सत्य अन्तर्गत जन्म हुनु नै प्रथम दुःख आर्य सत्य हो ।

## ११. जातिपच्चया जरामरण शोक-

परिदेव दुक्ख दोमनस्स-उपायासा सम्भवन्ति । एयमेतस्स दुक्खखन्धस्स समुदयो होती ।

यसरी जन्मको कारणले गर्दा सत्वले अनेकौं सुख दुःख भोग्दै वृद्ध हुँदै अनतमा मृत्यु हुन्छ । जातिके (जन्म) कारणबाट मानिसले शोक विलाप (परिदेव) दुःखवेदना, दौर्मनस्य, तीव्र दुःख बेचैनी (उपायास) वृद्ध अवस्था भोग्नु पर्दछ । अन्ततः मृत्यु हुन्छ । अत यसरी अविद्याबाट शुरु भएर जन्म हुनाले सम्पूर्ण दुःख खन्धको समुदाय हुन्छ । यसरी प्रतीत्यसमुत्पाद अनुलोम दिशा चक्रको चर्चा गर्दा दुःखले भरिपूर्ण संसार वा भवचक्र चलिरहेको हुन्छ ।

## भवचक्रलाई रोकी धर्मचक्रतिरः

भवचक्रले गर्दा नै सत्व वा जीवले बारम्बार यस संसारमा जन्म लिई दुःख भोग्नु पर्दछ । दुःखबाट मुक्त हुन भवचक्रलाई तोडेर धर्मचक्रतिर उन्मुख हुन सक्नु पर्दछ । प्रतीत्यसमुत्पाद भवचक्र अन्तर्गत उपरोक्त चर्चित बाह्र अङ्गहरु एक अर्को भवमा हेतुफल-हेतु फको रुपमा कार्य गरिरहन्छ । यो परम्परालाई तोड्ेर मात्र धर्मचक्रमा परिवर्तन गर्न सकिन्छ । जस्तै १. अतति भवमा हुने पाँच हेतुहरु हुन्- अविद्या, संस्कार, तृष्णा, उपादान र भव २. प्रत्युपन्न (वर्तमान) भवमा अतीतको हेतुले उत्पन्न हुने पाँच फलहरु हुन्- विज्ञान, नामरुप, षडायतन, स्पर्श र वेदना ३. प्रत्युत्पन्न भवमा हुने पाँच हेतुहरु हुन्- तृष्णा उपादान, भव अविद्या र

संस्कार ४. अनागत (भविष्य) भवमा वर्तमान हेतुले हुने पाँच फलहरु हुन्- विज्ञान, नामरुप, षडायतन, स्पर्श र वेदना ।

उपरोक्त प्रतीत्यसमुत्पाद चक्र अनुलोम अथवा अवरोहणको रुपमा घुम्दा भवचक्र पूरा भई सत्य वा जीवले दुःख भोग्नु पर्दछ । त्यही चक्रलाई प्रतिलोम अथवा आरोहणको रुपमा घुमाउन सफल भएको खण्डमा एक पछि अर्को अंग निरोध हुँदै धर्म चक्रको माध्यमबाट निर्वाण साक्षात्कर हुन्छ । यसैले प्रतीत्यसमुत्पाद अनुलोभ चक्रको अध्ययन गरौं ।

"अविज्जाय त्वेव असेस-विराग-निरोधा सङखार निरोध विञ्ञाणनिरोधो, विञ्ञाणी निरोधा नामरुप निरोधो, नामरुप निरोधा, सलायतन निरोधो, सलायतन निरोधा, फस्सनिरोधो, फस्सनिरोधा वेननानिरोधो, वेदनानिरोधा तण्हानिरोधो, तण्हानिरोधा, उपादान निरोधो, उपादान निरोधा, भवनिरोधो, भव निरोधा जातिनिरोधो, जातिनिरोधा जरामरण-सोक-परिदेव-दुक्ख-दोमनस्य-उपासाया निरुज्भन्ति । एवमेतस्स केवलस्स दुक्खखन्धस्स निरोधी होती ।"

अर्थात अविद्या सम्पूर्णत: रोकिएको खण्डमा संस्कार बन्न पाउँदैन रोकिन्छ संस्कार रोक्नाले विज्ञान, विज्ञान रोक्नाले नामरुप, नामरुप रोक्नाले षडायतन, षडायतन रोक्नाले स्पर्श, स्पर्श रोक्नाले वेदना, वेदना रोक्नाले तृष्णा, तृष्णा रोक्नाले उपादान, उपादान रोक्नाले भव भव रोकिनाले जन्म रोकिन्छ । जन्म रोकिनाले वृद्ध हुनु मरणहुनु, शोक, दुख बेचैनी आदि सबै दुख निरोध हुन्छ । यसरी सम्पूर्ण दुख समुदय नै निरोध हुन्छ । अर्थात निर्वाण प्राप्त हुन्छ । यसरी भवचक्र धर्मचक्रमा परिवर्तन हुन्छ ।

सम्पूर्ण प्रतीत्यसमुत्पाद चक्रमा अविद्या र तृष्णा दुई मुख्य विउ हुन् जसले भवचक्र संचालनमा सहयोग पुऱ्याउँदछ । अत: यी दुई मुख्य जरालाई नै निर्मूल गर्न सक्नु पर्दछ । त्यसैले "अविज्जापच्चया विज्जा" अर्थात अविद्याको हेतुले संस्कार खडा हुन नदिई विद्या उत्पन्न गर्ने र "वेदनापच्चया पञ्ञा" अर्थात वेदनाको हेतुले तृष्णा उत्पन्न नगरी प्रज्ञा (सम्मक ज्ञान) उत्पन्न गर्न सकेका खण्डमा भवचक्र तोड्न सकिन्छ । अत: यसको लागि भगवान बुद्धवाट उपदेशित विपश्यना ध्यानको नियमित एवं सही तरीकाबाट अभ्यास गर्नु परमावश्यक हुन्छ । यही नै एक मात्र निर्वाण साक्षात्कर गर्ने सम्यक मार्ग हो ।


अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाको हार्दिक स्मरण गर्दै उहाँको नाममा स्थापित

**धर्मशिला विदुत वृत्ति** प्राप्त गर्नुहुने

**भिक्षुणी सुजातालाई** हार्दिक शुभकामना व्यक्त गर्दछु ।

श्रीमती नारायणदेवी शाक्य
तेर्सापट्टी, पोखरा
फोन नं. ५२०१७२



अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र गुरुमाको स्मृतिमा स्थापित

**धर्मशिला विदुत वृत्ति**

प्राप्त गर्नुहुने

**भिक्षुणी सुजातालाई**

हार्दिक बधाई ज्ञापन गर्दछु ।

श्रीमती चिनीमाया राजभण्डारी
माटेपानी, पोखरा


त्यही कुरा बोल्नु पर्छ जसबाट आफूलाई सन्ताप नहोस्, अरुलाई दुःख नहोस् । यही नै सुभाषित वाक्य हो ।

-बुद्ध

# 'भाग्य' साँच्चै के हो ?

- रीना तुलाधर
"परियत्ति सद्धम्म कोविद"

सानाले ठूलाबडाको चरणमा प्रणाम गर्छन् । अनि ठूला बडाले आशिर्वाद स्वरुप भन्छन् "भाग्यमानी होस्" । यो भाग्यमानी शब्दको अर्थ के हो ? यसको लेखाजोखा कसरी गर्ने ?उत्तर खोज्न थाल्यौं भने हामी कहिं न कतै अल्मलिन पुग्छौं ।

सुख सयलमा हुर्केका र आर्थिक रुपमा सम्पन्न कोही पनि व्यक्तिलाई भाग्यमानीको दर्जा दिने चलन छ । तर त्यहि भाग्यमानी व्यक्तिले आफ्नो मृत्यु आत्महत्याद्वारा गरी दिदा यहाँ "भाग्यमानी" शब्दको विश्लेषण कसरी गर्ने ?जो व्यक्ति अभावै अभावमा छ, गरीबीको चपेटामा परेको छ, त्यसको नक्सामा प्रशस्त धन भएका धनाढ्य सबै भाग्यमानी हुन्छन् ।

मानौं अर्का एक धनाढ्य, भौतिक रुपले सम्पन्न छ तर रोग व्याधिले सताइएको छ भने तिनको लागि एक स्वस्थ, तन्दुरुस्त, निरोगी व्यक्ति नै भाग्यमानी लाग्दछ। निसन्तानले सन्तान भएकालाई आहा कस्ता भाग्यमानी भन्छन् । छोरी मात्र जन्माउने छोरो नपाउनेले छोरो हुनेलाई भाग्यमानी भन्छन् । घर नहुनेले दुई चारवटा घर भएकालाई भाग्यमानी देख्छन् । विदेश जान नपाउनेले अमेरीका जान पाएकालाई भाग्यमानी मान्छन् । यसरी केलाउँदै जाने हो भने निर्णयमा पुग्न जटिल हुन्छ भाग्य शब्दको सही अर्थ सम्बन्धमा ।

अर्को दृष्टिकोणद्वारा जो सुखी छ, उही नै भाग्यमानी, जो दुःखी छ, उही अभागी । फेरी सवाल उठ्छ सुखी को हो , दुःखी को हो ? यही नै व्यक्ति सुंखी हो भनी कसैलाई चिन्न खोज्यौं भने कोही भेट्टाउनै सकिन्न । दुःखी को हो त ? सहजै जवाफ मिल्छ । संसार भरिका सबै प्राणी दुःखी छन् । किनकि यो संसार नै दुःखमय छ । भगवान बुद्धले पनि आफ्नो धर्म उपदेशमा दुःखको वर्गीकरण गर्नु भएको छ । भगवान बुद्धले प्रथम धर्म उपदेश "धर्मचक्र प्रवर्तन सूत्र" मा चार आर्य सत्यको व्याख्या गरिएको छ, जस मध्ये एउटा "दुःख सत्य" हो । जन्मनु दुःख, बुढापा दुःख, मृत्यु हुनु दुःख, अप्रियसँग साथै बस्नु दुःख, प्रियसंग बिछड्नु दुःख, इच्छा गरेको नपुग्नु दुःख, तथा सक्षेपमा यो पन्चस्कन्ध धारण गर्नु नै दुःख भनीकन चतुआर्य सत्यमा दुःखलाई ८ वर्गमा विभाजन गरिएको छ । संसार लाई दुःखमय भनिएकै कारण बुद्धधर्मलाई निराशावादी धर्म समेत भनिएको छ । यस दृष्टिकोणले संसारका सबै प्राणी दुःखी छन् । किनकी जन्म लिएपछि यी आठ प्रकारका दुःख बाट कोही पनि बच्न पाउँदैन । दुःखी भएकै कारण मनुष्य सबै अभागी हुन् भन्ने हो कि ? यो निष्कर्ष बहसको विषय भएता पनि अर्थहीन नै देखिन्छ ।

भाग्यमानी र अभागीको वर्गीकरण गर्न खोज्दा खोज्दै एउटा सही निष्कर्ष भेटिन्छ, जसमाथि कुनै सन्देह रहन्न । आजको यस दुःख, भय, हत्या, हिंसा, त्रास, आतंक अशान्ति मच्चिएको विश्वमा शान्तिको सन्देश दिने तथागत सम्यक सम्बुद्धको सद्धर्म सुन्ने मौका पाउँछ, पढ्ने मौका पाउँछ, अभ्यास गर्ने मौका पाउँछ भने त्यस्तो व्यक्तिलाई भाग्यमानी भन्नु पर्छ ।

भनिन्छ मनुष्य जीवन दुर्लभ छ । मनुष्य चोला उत्तम छ किनकी मनुष्यलोकमा तथागतको सद्धर्म फैलिएको छ । यहाँ मनुष्यले सही धर्म श्रवण गर्न पाउँछ, अध्ययन गर्न पाउँछ, अनि अभ्यास गरेर बोधिज्ञान प्राप्त गर्न सक्छ । भनिन्छ जन्म जन्मान्तरसम्म अपाय दुर्गतिमा दुःख भोग गरेपछि मुश्किलले प्राणीले मनुष्य जीवनमा प्रवेश पाउँछ । अर्कोतिर युगौं युगसम्म देवलोकमा व्यर्थको विलासी जीवन विताएपछि देवताहरुले पनि मनुष्य जीवन प्राप्त गर्छ । उस्तै गरी ब्रम्हाहरु पनि कल्पौंकल्पसम्म जीवन व्यतित हुने ब्रम्हलोकबाट च्यूत भएर बल्ल मनुष्य योनीमा उत्पन्न हुन पाउँछन् । बुद्धको उपदेशको तीन संग्रह "त्रिपिटक" मध्ये एक अंग "अभिधर्म पिटक" मा ३१ वटा भुवन अर्थात लोक छन् भनेर उल्लेख गरिएको छ, जसमध्ये सबैभन्दा उत्तम लोक मनुष्य लोक हो पनि भनिएको छ । मनुष्य लोक नै त्यो लोक हो, जहाँ बुद्धहरु उत्पन्न भएर लोप भई बसेको सही धर्म पुनः खोज्छन् र प्राणी मात्रको कल्याण गर्छन् । यस दृष्टिकोणले अर्को

निष्कर्ष निकाल्न मिल्छ संसारका मानिस जति भाग्यमानी नै हुन् जसले अत्यन्त दुर्लभ मनुष्य जीवन पाएका छन्।

मनुष्य जीवन दुर्लभ मान्नुमा पनि कहि कतै सन्देह उठ्छ। किनकि आज संसारभरी नै जनसंख्या वृद्धिको समस्या छ। विश्वकै ठूलो जनसंख्या नियन्त्रण गर्न परिवार नियोजन गर्नु पर्ने युग छ। बढ्दो जनसंख्याको समस्यालाई लिएर जनसंख्याविद्‌हरु चिन्तित भएका छन्, अर्थविद्‌हरु धुरिएका छन्, वातावरणविद्‌हरु आत्तिएका छन्। तल्लो स्तर देखी राष्ट्राध्यक्षहरले सम्म चिन्ता व्यक्त गर्छन्। यस्तो परिस्थितिमा मनुष्य जीवन दुर्लभ भनेर कसरी मान्ने ?

यस पक्षमा विद्वत वर्ग बोल्छन्- मात्र मान्छे भएर जन्मनु अर्थात मानव शरीर धारण गरेर जन्मनुलाई मनुष्य जीवन दुर्लभ भनिएको होइन। मानवताहीन भएर पशु सरह विवेकहीन भइ बाँच्नलाई मनुष्य भनिदैन। विवेकशील मानवले सही धर्मको पहिचान गरेर सांसारिक दुःखबाट मुक्त हुने बोधिज्ञान प्राप्त गर्न सक्छन्। यस अर्थमा मनुष्य जीवन दुर्लभ भनिएको हो। मनुष्य भएर जन्मनुको साथसाथै अशान्ति मच्चिएको आजको विश्वमा सही धर्मबाट दिक्षित हुन पाउने, जान्न पाउने व्यक्तिहरुलाई भाग्यमानी भन्नुपर्छ। भाग्यमानीको यो परिभाषा अति नहोला कि आज विश्वको कुनै पनि ठाउँमा सद्धर्म प्रचार प्रसार भएको छ र त्यस ठाउँका बासिन्दाले सद्धर्म सुन्न पाउँछ भने त्यस ठाउँका बासिन्दाहरुलाइ भाग्यमानी भन्न सकिन्छ किनकि तिनीहरु पवित्र धर्मको छत्रछायाँमा छ।

भाग्यमानी वर्गलाई उपरोक्त हिसावले छुट्याउँदा सवाल उठ्छ अभागी को हुन् त ? जो कसैले सद्धर्म सुन्ने अवसर त पाउँछ, पढ्न त पाउँछ, त्यति मात्र होइन अभ्यास गर्ने बिधि पनि सिक्न पाउँछ तर त्यतिमै सन्तुष्ट भएर वास्तवै सद्धर्म अभ्यास गर्दैन, ऊ नै सबभन्दा ठूला अभागी हुन् भन्न सकिन्छ। सद्धर्मलाई केवल सुन्ने, पढ्ने र लेख्ने क्रियाको विषय बनाएर छोड्ने हुन्छ, जसले अध्ययन गरिएका कुरालाई दैनिक अभ्यास गर्दैनन् उ नै सबैभन्दा कर्म फुटेका अभागी भन्दाखेरी अति नहोला। सद्धर्म अभ्यास गर्ने सही तरिकालाई "स्मृति प्रस्थान" अर्थात "विपस्सना" भावना विधि भनी नामाकरण गरि एको छ। त्रिपिटक अन्तर्गत सूत्र पिटकमा "महाप्रस्थान सूत्र" मा बुद्धले एकिनका साथ भन्नु भएको छ- "एकाहिनो भिक्खवे अयं मग्गो......." (संसारको दुःखबाट मुक्त हुने एउटै मार्ग यही हो)। जो कसैले यी सबै कुराको ज्ञान हुँदा हुँदै पनि अभ्यास पछि गरौंला, अनुभव पछि गरौंला भनी पन्छिन्छन्, सद्धर्मको अभ्यासलाई स्थगित गरेर राख्छन् उ नै अभागीको वर्गीकरणमा पर्दछ भन्न मिल्ला। सही धर्म जान्ने विधि मार्फत धर्म धारण गर्ने प्रक्रियाको संरक्षण मात्र होइन संबर्धन पनि गर्नु पर्छ। कसैले यी सबै कुरा जानेर सद्धर्म अभ्यास गर्नमा अगाडि बढ्छन् भने "भाग्यमानी" को वर्गीकरणमा ऊ नै पर्दछ।


अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाको हार्दिक स्मरण गर्दै उहाँको नाममा स्थापित

**धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने **भिक्षुणी सुजातालाई** हार्दिक शुभकामना व्यक्त गर्दछु।

श्रीमती रेणुका शाक्य
तेर्सापट्टी, पोखरा
फोन नं: ५२०९९२



अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र गुरुमाको स्मृतिमा स्थापित

**धर्मशिला विद्वत वृत्ति**

प्राप्त गर्नुहुने

**भिक्षुणी सुजातालाई**

हार्दिक बधाई ज्ञापन गर्दछु।

रूकु शाक्य
धर्मशिला मार्ग, नदीपुर पोखरा
फोन नं: ५३०७७१

# बुद्धको भेटघाट अंगुलिमालसँग

- घनश्याम राजकर्णिकार

संसारको गुरुजालमा फसेका अनभिज्ञ अंगुलिमालले एक समय मानिसहरुको औंला काटेर उधुम मचाएका थिए । यिनले गुरु दक्षिणाको लागि हजारौं औंलाहरु काटी माला लगाई राखेका छन् भनी सुन्ने मानिसहरु उनीदेखि डराएर भाग्ने गर्थे । यो थाहा पाई भगवान बुद्ध एकदिन उनको सम्मुख जानु भएछ । बायाँ हातले भिक्षापात्र च्याप्दै, दायाँ हातले आशिर्वादको भावना झल्काउँदै बुद्धदेव आफ्नो स्वाभाविक शान्त मुद्रामा हुनु हुन्थ्यो । एकजना पहेंलो बस्त्र धारण गरेको व्यक्ति विना हिच्किचाहट आफुतिर मन्दचालमा आई रहेको देख्दा अंगुलिमाल पहिले त हतप्रद तथा हतोत्साह बने तर उत्ति खेरै आफुलाई सम्हाल्दै विवेकहीन क्रोधी अंगुलिमालले पाशविक हाँसो हाँस्दे कराएर भने "ए, अब तिम्रो पालो आयछ ? तिमी को हौ ? म तिमीलाई सजिलैसित मार्छु ।" यति भनी उनी बुद्धतिर जाइलाग्न दगुरे । जति जति उनी दगुरे, उति उति बुद्धदेव पर पर सरिरहे झैं उनलाई लाग्दथ्यो । अतः रिसाएर उनले भने - "ए, पख, म तिमीलाई मार्छु, किन भागी रहेको, डर छेरुवा ।" बुद्धदेवले मुसुमुसु हाँस्दै भने - "वत्स, म त स्थिर छु तिमी पो अस्थिर छौ र दौडिरहेछौ । बुझ्यौ जो धर्म, प्रेम, करुणा, अहिंसामा पारंगत छ उसलाई कसैको डर हुँदैन । त्यस्ता पुरुषलाई तिमीले केही गर्न सक्दैनौ ।"

अंगुलिमालले ब्यंङ्ग हाँसो हाँस्दै भने "यी सबै कुरा तिमी म देखि डराएर भन्दैछौ । बुझ्यौ । तिमीहरु सबैले मलाई घृणा गरिरहेका छौ । तथा मेरो रगत चुस्नमा तिमीहरु लालायित छौ । त्यसैले म तिमीलाई कहाँ छाड्छु र ।" बुद्धले भने "आयुष्मान, के तिमीलाई सबैले घृणा गरि रहेछन् ? के त्यसैले तिमी मानिसको हत्या गर्दै हिडेका हौ ?" अंगुलिमालले स्वीकृतिको टाउको हल्लाउँदै भने "हो सबै मानिस मलाई घृणा गर्छन् । तिनीहरु सबैले मलाई अन्याय गरिरहेका छन् । त्यसैले म ती सबैको रगत चुसेर नै छाड्छु । सबैलाई संहार गरी तिनीहरुको नाम निशान यस धरतीबाट नमेटुन्जेल मेरो मुटुको आगो निभ्ने छैन, बुझ्यौ ?" बुद्धले शान्त भावले मुसुमुसु हाँस्दै भने "वत्स, आगो आगोबाट निभ्दैन, पानीबाट मात्र निभ्छ । वैर वैरबाट होइन प्रेमबाट मात्र समन हुन्छ । सँधै याद राख आयुष्मान, मनुष्यलाई प्रेम भावनाले मात्र जित्न सकिन्छ, वैर भावनाले कदापि सकिदैन । अंगुलिमालले बेबास्ताको भावना देखाउँदै भने "म तिम्रो यस्तो कुरा बुझ्दिन, मलाई बुझ्नुपर्ने आवश्यकता पनि छैन ।" बुद्धले मुसुक्क हाँस्दै भने "वत्स, जन्मेपछि धेरै कुराको आवश्यकता पर्छ र धेरै कुरा बुझ्नु पनि पर्छ । तिमी बुझ्दैनौ भने म तिमीलाई बुझाउँछु । सर्वप्रथम त्यो रुखबाट एउटा पात टिप त ।" अंगुलिमालले भ्वाट्ट एउटा पात छिनाल्दै "ल, टिपें अब के गर्ने ? " भने । बुद्धले "अब यसलाई फेरि त्यो बोटमा पहिले झैं जोडी देउ त " भने । अंगुलिमाल पहिले त अकमकिए तर छिनभरमै मुख बिगार्दै झोक्किदै भने "अहं हुँदैन यो असम्भव छ" । बुद्धले शान्त भावले भने"ठिक भन्यौ वत्स सम्भव छैन, यसैले जसलाई जिलाउन सक्दैनौ, ती सबैको हत्या गरेर तिमीले कत्रो अन्याय गरेका छौ, सोचेर हेर त । कतिका बाल बच्चाहरुलाई तिमीले अनाथ पारिसक्यौ, कतिका आइमाइलाई विधवा बनाइ सक्यौ, असंख्य बुढाबुढीहरुको आश्रय तिमीले नष्ट पारि सक्यौ । ती सबैलाई अब फेरि लाख इच्छा गरेर पनि सद्दे पार्न सक्दैनौ ।सोचेर हेर त, कत्रो जघन्य अपराध तिमी गर्दछौ । तैपनि समय छ । प्रयश्चित गर बत्स, मेरो आश्रयमा आऊ, जाउ संसारमा सबैसँग प्रेम गर । यसैबाट तिम्रो पाप प्रयश्चित हुनेछ "। अंगुलिमालले जिल्ल पर्दै तथा बिनयशील बन्दै भने "संसारका सबैले मलाई छाडिसके, तिनीहरु कसैले पनि मलाई प्रेम गर्दैन, अब मैले तिनहिरुको प्रेम गरि हिडेर के हुन्छ ?

बुद्धले यो सुनी सान्त्वना दिदै भने "तर म तिमीलाई प्रेम गर्छु ।" अंगुलीमालले आश्चार्य मान्दै उत्सुकता झल्काउँदै भने "के भन्यौ, तिमी मलाई प्रेम गर्छौ र " बुद्धले मुसुमुसु हाँस्दै भने "हो बत्स जसलाई संसारले उपेक्षा गरेको छ, त्यही मेरो प्रेमको सुपात्र हुनछ । त्यसैले होस्मा आउ अंगुलिमाल, आफ्नो घृणित कार्यलाई परित्याग गर । तिमी मेरो प्रेमको पात्र बन्न ।" अंगुलिमाल अझ बढी आश्चार्य भए । उनले भने "होइन तिमी को हौ ? जसको वाणीबाट अमृतको धारा वगीरहेझै लाग्दैछ मलाई ? " बुद्धले सम्झाउँदै भने- बत्स, मानिस मलाई सम्यक सम्बुद्ध भनी सम्बोधन गर्दछन् । हेर, म मात्र होइन, आफ्नो कर्म, प्रज्ञा, आचरणद्वारा जो कोहि पनि बुद्ध बन्नसक्छ । अंगुलिमालले रछुलाउ र प्रायश्चित तथा आश्चार्य र प्रसन्नताको भाव देखाउँदै अनि झस्को मान्दै प्रभु बुद्ध पतितपावन भगवान बुद्ध भनी आफ्नो हातमा भएको तरवार फ्याँक्दै बुद्धको पाउमा परे र " प्रभु, भगवान बुद्ध भनेर थाहा पाइन, क्षमा पाउँ म के हुँदैछु म स्वयं अनभिज्ञ छु । प्रभु मलाई शरणमा लिनुहोस् भगवान मलाई दीक्षा दिनुहोस देव ।" भन्दै प्रार्थना गर्न लागे । बुद्धले प्रेमपूर्वक भने "अवश्य दिन्छु आयुष्मान म तिमीलाई अवश्य दीक्षा दिन्छु । तर तिमीले सर्वप्रथम संसारमा घुमी आफ्नो पापको प्रयश्चित गर्नुपर्छ । जससमाथि तिमीले अन्याय अत्याचार गरेका छौ, त्योसँग क्षमा माग्नु पर्छ । त्यसैले सबैलाई प्रेम गर । त्यसपछि मात्र तिमी विश्व बन्धु बन्नेछौ । अनि म कहाँ आएर दीक्षा माग्नु म खुशीसाथ दीक्षा तिमीलाई दिनेछु ।" यो कुरा सुनी अंगुलिमालले खुशी हुँदै, दुई हात जाड्दै भने " जो आज्ञा प्रभु, " यसरी अंगुलिमालको अनुनय विनय सुनी उनको निन्दनीय कार्यलाई क्षमा गर्नुहुँदै महान भगवान बुद्धले उनको कल्याण तथा उद्धार गर्नु भयो ।


अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाको हार्दिक स्मरण गर्दै उहाँको नाममा स्थापित

**धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने

**भिक्षुणी सुजातालाई** हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**श्रीमती अशोकलक्ष्मी गुभाजू**

मोहरियाटोल, पोखरा

फोन नं: ५२१५४८



अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र गुरुमाको स्मृतिमा स्थापित

**धर्मशिला विद्वत वृत्ति**

प्राप्त गर्नुहुने

**भिक्षुणी सुजातालाई**

हार्दिक बधाई ज्ञापन गर्दछु ।

**श्रीमती बिमला बुद्धाचार्य**

मोहरियाटोल, पोखरा

फोन नं: ५२१९६८



अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाको हार्दिक स्मरण गर्दै उहाँको नाममा स्थापित **धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने

**भिक्षुणी सुजातालाई** हार्दिक शुभकामना व्यक्त गर्दछु ।

श्रीमती मंगली बज्राचार्य

मोहरियाटोल, पोखरा फोन नं: ५२०६८२

# सम्राट अशोकद्वारा शस्त्रत्याग

- धर्मरत्न शाक्य "त्रिशुली

पहिलो दृश्य

स्थान- अशोकको राजसभा

(महामात्य सेनापति राजगुरुहरु आ-आफ्ना आसनमा बसिरहन्छन्)

सावधान ! (सबै आदरपूर्वक उभिन्छन्, सम्राट अशोकको प्रवेश हुन्छ ।)

सबै- सम्राट अशोकको जय, (३ पटक)

(सम्राट अशोक बसेपछि सबै बस्छन्)

अशोक- महामात्य ! जम्बुद्वीपको खबर के छ ?

महामात्य- महाराज ! सम्पूर्ण जम्बुद्वीपका ठूला ठूला सबै राष्ट्र महाराजको अधिनमा आइसके । अब ठूला राष्ट्रमा कलिङ्ग एउटा बाँकी रह्यो, त्यसलाई पनि हामीले आफ्नो अधिनमा राख्यौं भने अरु बाँकी रहेका स-साना राज्यहरु सबै हाम्रा अधिनमा हुनेछन्, त्यहाँका सबै राजाहरुले हाम्रो अधिनता स्वीकार गर्नेछन् ।

अशोक- अँ, कलिङ्ग गएका राजदूतहरु फर्के ? उनीहरुबाट के उत्तर आयो ?

महामात्य- महाराज, फर्किसके । महाराजको आज्ञाको प्रतीक्षामा छन् ।

अशोक- उपस्थित गराउ ।

महामात्य- आज्ञा शिरोपर ।

(संकेत गर्छ, द्वारपालले राजदूतलाई लिएर आउँछ )

द्वारपाल- सम्राट अशोकको जय ।

अशोक- राजदूत ! कलिङ्गका राजाले के उत्तर दियो ? त्यहाँको स्थिति कस्तो छ ?

राजदूत- महाराज ! अवसर माफपाउँ । कलिङ्गावासीहरु विना युद्ध महाराजको अधीन स्वीकार गर्न सक्दैनन्, जे हुन्छ सो रणभूमिमा नै हुनेछ भनी उत्तर दिए ।

अशोक- तिनीहरुले त्यस्तो उत्तर दिए ! (सेनापति तिर फर्केर) सेनापति, तिनीहरुको यो घमण्ड चूर्ण गरिदिन्छु । सैन्य तयार गर, कलिङ्गमा पनि आक्रमण ढिलो नगर । अँ, राजगुरु साइत कस्तो छ ? कहिले आक्रमण गरौ ?

राजगुरु- महाराज, साइत यही पक्षमा राम्रो छ । नवरात्री कालरात्रीको योग युद्धको निम्ति उपयुक्त छ । यो योग महाराजको मनोकामना पूर्ण हुने, शत्रु पराजय हुने योग हो, महाराज ।

अशोक- सेनापति ! त्यसो भए भोली नै आक्रमण गरौं, युद्धको तयारी गर ।

सेनापति - आज्ञा शिरोपर । (जान्छ)

अशोक- महामात्य बधशालाको खबर के छ ?

महामात्य- महाराज हजुरको आज्ञा अनुसार वधक चाण्डालले निश्चित क्षेत्रभित्र आएका सम्पूर्ण मानिसहरुलाई आफ्नो इच्छानुसार शस्त्र, अस्त्र वा बल प्रयोग गरी बध गरिरहेका छन् । उसको हातबाट कुनै बच्न सकेका छैनन् । उसले मुसालाई बिरालोले खेलाई खेलाई मारेभैं मारिरहेको छ । महाराजको आज्ञा राम्रैसँग पालन गरिरहेको छ ।

अशोक- त्यसो भए अपराधी राजद्रोहीहरुसँग त्यसको हत्याक्रिडा निकै रमाइलो होला कसो ?

महामात्य- महाराज ! कहिलेकाहीं त निकै नै रोमाञ्चक रुपले हत्याक्रिडा हुन्छ तैपनि उसको हातबाट मुक्त हुन वा उसलाई आघात गर्न सकेको छैन । सबैलाई उसले अनेक तरिकाले पराजित गरी बध गरिरहेको छ ।

अशोक- त्यसो भए यो कलिङ्ग विजय पछि म पनि उसको हत्या क्रीडा हेर्छु । आजलाई यो सभा यहीं विसर्जन भयो ।

दोस्रो दृश्य

स्थान - रणभूमि, सम्राट अशोक र दुई योद्धा आफ्ना प्रतिद्वन्दी सँग खड्गयुद्ध गरिरहन्छन्, मुख्य योद्धालाई अशोकले पराजित गर्छ । प्राण छुटैमा अरु योद्धाहरुले दुबै प्रतिद्वन्दीलाई मारेर अशोकले पराजित गरेको योद्धालाई बन्दी तुल्याउँछ । छुट्न बल गर्दा योद्धाको मुकुट खस्छ र उनको स्त्रीभेष प्रकट हुन्छ । सम्राट अशोकले स्त्रीभेष देखेर प्रश्न गर्छ ।

अशोक - हे विरङ्गणा ! तिमी त पुरुष होइनौ, स्त्रीजाति भएर पनि पुरुषको भेषमा किन यो रंगभूमिमा युद्ध गर्न आएकी ?

वीराङ्गणा- हो, म स्त्री नै हुँ, तिम्रो राज्यलिप्साले गर्दा सम्पूर्ण जम्बुद्वीपका योद्धहरुलाई मद्दत गरेर विजय गर्दैमा जम्बुद्वीप वीरहरुले शून्य होला भन्ने ठानेका होइनौ ? यो असम्भव छ । अ-आफ्नो मातृभूमि आ-आफ्नो राष्ट्र रक्षा गर्ने कर्तव्य पुरुष जातिको मात्र होइन,हामी प्रत्येक नारीहरुको पनि कर्तव्य हो । तिमीले हेर्दा पुरुष वीरहरुलाई नाश गर्दैमा राज्य जस्तै आफ्नो अधिकारमा आउँछ भन्ने ठानेका होइनौ ?

हेर -हेर -हेर यो राज्यमा कत्तिका वीराङ्गणाहरु आफ्नो मातृभूमिको निम्ति बलिदान भए, ध्यान दिएर हेर । हामी नारीहरु केवल घरमा चुलोचौका र घरको काम मात्र गरेर पुरुषको खेलौनामात्र भएर बस्ने होइनौं ! शूरवीर भएका वीरपुत्र उत्पन्न गर्ने, वीरमाता पनि हौं । चाहिने बेलामा आफै रणचण्डी बनेर राष्ट्रको निम्ति युद्ध पनि गर्छौं । धीर वीर राजपुत्रहरु तयार गर्ने, हुर्काउने राजमाता पनि हौं । थाहा छ ?

अशोक- (टोलाएर हेरिरहन्छ) वीराङ्गाणा, हैन, तिम्रो वीराचित कुरा सुनेर म सारै खुशी भएँ । माग, तिमी के माग्न चाहन्छौ ? माग । तिमीलाई सम्मानपूर्वक मेरो यो राज्यमा हेरविचार गरी राख्नेछु ।

विराङ्गाणा- अशोक ! तिम्रो यो विरोचित उदारतालाई धन्यवाद छ, परन्तु म मात्र होइन, यो राज्यमा सम्पूर्ण वीरयुवकहरु वृद्ध तथा कुमारहरु सबै देशको निमित्त आफ्नो मातृभूमिको निम्ति बलिदान दिएर शहीद भैसके । जतिपनि तिनीहरुका आमा/पत्नीहरु थिए, तिनीहरु पनि तिम्रा सैन्यहरुसँग युद्ध गर्दै वीरगति प्राप्त गरिसके भने म एक जनाको निम्तिमात्र तिम्रो सहानुभूतिको कुनै मूल्य छैन । त्यसमा पनि मेरो बलिदान यो राष्ट्रले कहिल्यै विर्सन सक्दैन । त्यतिमात्र होइन हामीहरुको यो वीरोचित बलिदानको आदर्श पछि पछि पनि यो जम्बुद्वीपमा कसैले विर्सने छैनन् बरु अनुकरण गरेर मातृभूमि रक्षा गर्नको निम्ति प्रेरणा बन्नेछ ।

तिमी विजयी भयौ जाऊ, हाम्रो राष्ट्रको सिंहासनमा बस्न जाऊ (वेदना सहेर) यो राज्यका अशक्त बाल वृद्धहरुलाई शासन गरेर नाक ठाडो पार्न जाऊ । उफ्...... परन्तु तिमीलाई जबसम्म शस्त्रको बलले जेपनि गर्न सक्छु भन्ने भावना हुन्छ, जबसम्म शक्तिको घमण्ड रहन्छ, तबसम्म शान्ति हुनेछैन । आफ्नो कर्तव्यले आफैलाई डाह तुल्याई छटपटिनुपर्नेछ यो हामी सबै वीराङ्गाणाहरुको र वीरहरुको उपार्जन हो । जाऊ वीर शून्य राष्ट्रलाई जितेर विजयपताका फहराउन जाऊ । जय मातृभूमि । (प्राण त्याग गर्छ)

अशोक- सैनिक ! यी वीराङ्गाणालाई स-सम्मान अग्निसंस्कार गर ।

(अकस्मात् राज्यको द्वार खुल्छ, अशोकले देख्छ त्यसभित्र असंख्य नारीहरु वीरगति प्राप्त भइरहेका लाशहरु । स्याल, कुकूर, गिद्ध, चिल आदिले लाश लुछिरहेको दृश्य र चित्कार सुन्छ ।)

सैनिक- महाराज सवारी होस् ।

अशोक- (विस्तारै लाश हेर्दै, मन विस्मात गर्दै जान्छ, एकटभा) धन्य हुन् यो कलिङ्गवासी वीर वीराङ्गाणा धन्य हो यिनीहरुको राष्ट्रप्रेम, धन्य हो यिनीहरुको मातृभूमिप्रतिको ममता ।

## तेस्रो दृश्य

स्थान: बधशाला ।

बधशालामा एकराजद्रोहीलाई बधकले मार्न खोज्छ । राजद्रोही आफू बच्न बधकमाथि जाइलाग्छ । बधकले अट्टाहस गर्दै भन्छ ।

बधक- हा हा हा...... मेरो हातबाट बच्न मलाई आक्रमण गर्ने ! तिमी त के तिमी जस्ता दशजनालाई पनि म खेलाई खेलाई मार्छु भने तिमी एक्लो नाथेले मलाई हमला गर्ने ? हा हा हा ... तिमी जाबोलाई शस्त्र के प्रहार गर्ने, तलाई त म मुड्कीले मात्र हिर्काएर मार्छु । थाहा छ ?

(पछार्छ, दुबै कुस्ती खेल्छन् । अन्तमा राजद्रोहीलाई परास्त गरी मार्छ)

(यत्तिकैमा सम्राट अशोक दुईजना सैनिकलाई सीमाबाहिर छाडी भित्र पस्छ)

बधक- (आश्चर्य मानेर) ए ! आज सम्राट अशोक ! (के गरुँ के गरुँ हुन्छ ) ए यो अशोक त मेरो बधक्षेत्र भित्र पस्दैछ, शायद यसलाई पनि सम्राटको आज्ञानुसार

मार्नु पर्ने हो कि ? (बिचार गर्छ) हुन सक्छ, अवश्य मैले राजाज्ञा पूरा गर्नुपर्छ । ( यति निश्चय गरी राजालाई आक्रमण गर्ने बिचारले अघि बढ्छ) यसभन्दा अगाडी चोर डाँका, राष्ट्रद्रोही, राजद्रोही विद्रोहीहरुलाई मात्र मेरो इच्छा अनुसार खेलाई खेलाई मारिरहेको, आज त यो अशोक नै मेरो बधक्षेत्रभित्र पस्दैछ । मैले सम्राटको आज्ञानुसार यस क्षेत्रमा पस्ने जतिलाई मार्नु भन्ने आदेश दिइराखेको हो । आज त अशोक राजा नै मेरो बधक्षेत्रभित्र आइसकेको छ, आज मेरो वीरताको परीक्षा हुने भयो । आऊ आऊ ए अशोक आऊ । आज तिमीलाई पनि बध गर्न यहाँ पठाइयो ? हुन्छ, मैले सम्राटको आज्ञालाई अवश्य पालन गर्छु । आऊ आज तिमीसँग नै बधक्रीडा गर्छु, लौ आऊ । ए अशोक, आज सम्राटको विवेकले तिमीलाई पनि भ्रातृहत्याको प्रायश्चित गर्न यहाँ पठायो । आऊ तिमीलाई पनि बध गरेर सम्राटको आज्ञापालन गर्छु ।

(विस्तारै अघि बढ्छ)

अशोक- (आश्चर्य मानेर) यसले त मलाई नै आक्रमण गर्न खोजिरहेछ, आज मेरो मन पनि शान्त छैन, यसको रगढंग पनि ठीक छैन । (विस्तारै अघि बढ्दै) अवश्य पनि मैले यहाँ पस्नु हुँदैन । यसले सम्राटको आज्ञा भन्दै ममाथि नै आक्रमण गर्ला, यसलाई छल्नुपर्‍यो (चर्को स्वरले) ए बधक हेर त, आज तिम्रो पश्चिमद्वारबाट कति जना राजद्रोहीहरु आइरहेछन्, तिम्रो हातबाट वीरगति पाउने, हेर त ।

बधक- (अशोकको कुरा पत्याएर पछाडि फर्कन्छ) खोइ कहाँ छ ? (एताउति हेर्छ) यहाँ त कोही पनि छैन, कहाँ छ खोइ ?

(यही समयमा सम्राट अशोक सीमा बाहिर निस्कन्छ)

अशोक- बधक ! तिम्रो बल शक्तिलाई राम्रैसँग जानेर तिमीलाई मैले मेरो शत्रु, चोर, डाँका राजद्रोहीहरुलाई मार्न अधिकार दिइराखेको हो । परन्तु तिमी वीर भएर पनि निर्बुद्धि रहेछौ । तिमीलाई अधिकार दिइराखेको बधशाला र स्वयं तिमी पनि मेरो अधिकारभित्र पर्छ भन्ने कुरा तिमीले सम्झन सकेनौ । तिमीले मलाई समेत मार्ने प्रयत्न गर्न खोज्यौ । त्यसकारण तिमीलाई दिइराखेको बधकको अधिकार अबदेखि मैले आफैले फिर्ता लिएँ (सैनिकतिर हेरेर) सैनिक ! बधकलाई बन्दी तुल्याइ लैजाऊ ।

सैनिक- आज्ञा शिरोपर । (बधक टोलाएर रहन्छ, सैनिकले त्यसलाई बन्दी तुल्याई लान्छ )

अशोक- अधिकार र शक्ति भनेको निर्बुद्धिहरुको साथमा पर्‍यो भने अनर्थ हुन्छ भनिराखेको सत्य रहेछ । (फर्केर जान्छ )

## चौथो दृश्य

स्थानः राजसभा । राजा, रानी, सेनापति, कोटवाल यथास्थानमा बसिरहन्छन् । बिजय उत्सवको नृत्य हुन्छ, नृत्यको अन्तमा नर्तकीहरु अभिवादन गर्दै भित्र पस्छन् ।

महारानी- प्राणनाथ ! अवसर माफ भए केही कुरा विन्ति गरौं ?

अशोक- माफ भयो, प्रिय भन ।

महारानी - आज हजुरको महार प्रसन्न देखिन, कुन चिन्ता पर्‍यो ?

अशोक- केही होइन ।

महारानी- महाराज, कलिङ्ग पनि विजय भैहाल्यो, अब फेरि हजुरको मन किन अशान्त ? हजुरको यो राज्य खोस्ने दाजुभाइहरु पनि कुनै बाँकी छैनन्, जम्बुद्वीपका प्रायः ठूला ठूला राज्य सबै हजुरको अधिनमा आइसकेके छ । अब फेरी के को चिन्ता छ हजुरलाई ?

अशोक- प्रिय ! मैले निकै निर्दयी क्रूर चण्ड भएर भएभरका ९९ दाजुभाइहरु सहित निकै नै नरहत्या गरिसकें । पुरुषहरु मात्र होइन छेरै नै महिलाहरुको पनि हत्या गरिसकें । त्यसकारण मलाई आज सम्राट अशोक को सट्टा चण्डाशोक पनि भनिसके । आज यो बधकले समेत मलाई मार्न मेरै आज्ञालाई अघि सारेर आक्रमण गर्न खोज्यो ।

प्रिय, मेरो आँखामा त्यहि कलिङ्गका वीराङ्गणा नारीहरुको दृश्य, क्षत विक्षत भैरहेका वीभत्स लाशको दृश्य झल्झली आइरहेछ । उनी वीराङ्गाणाको हृदय विदारक ओजस्वीपूर्ण शब्दमात्र कानमा गुन्जिरहेछ । त्यसकारण मेरो चित्त निकै नै अशान्त भैरहेको छ ।

महारानी- प्राणनाथ ! क्षमा पाऊँ, हजुरलाई मैले पहिल्यैदेखि नै यो जनसंहार कार्य नगरिबक्सियोस् भनी

निकै प्रार्थना गरेकै थिएँ । परन्तु हजुरको अगाडि मेरो के लाग्थ्यो र !

महामात्य- महाराज ! हजुर सम्राट होइबक्सिन्छ । महान् जम्बुद्वीपका एकमात्र सम्राट हुनुहुन्छ । हजुरले विजय लाभ गरिबक्सेर यसरी पश्चाताप गर्नु आवश्यक छैन । यो हजुरको राजधर्म हो । महाराज ! स-साना राज्यहरुवीच आफू-आफूमा जहिले पनि झगडा गराइराख्नु भन्दा सबै राज्यलाई एक सूत्रमा बाँधेर सबैलाई व्यवस्थितरुपले धर्मपूर्वक शासन गर्नु चक्रवर्ती राजाको लक्षण हो । त्यसकारण धैर्यपूर्वक सबैलाई आफ्नै सरह सम्झिबक्सिई जम्बुद्वीपका सारा राष्ट्रका प्रजागणलाई अनुशासन गरिबक्सियोस् ।

अशोक -( अशोक विचारमग्न हुन्छ । टाढाबाट न्याग्रोध श्रामणेर देखापर्छ ) महामात्य ! हेर हेर त्यो आइरहेको किशोर श्रमणलाई हेर, हेर्दैमा शान्त छ । जाऊ जाऊ उनलाई मैले बोलाएको छु भनी आदरपूर्वक यहाँ लिएर आउन कोटवाललाई पठाइदेऊ ।

महामात्य- आज्ञा शिरोपर । (कोटवाललाई केही कुरा अह्राएर आउँछ ।)

अशोक- सभासद् हो ! किन हो कुन्नि त्यो कलिङ्गको नरहत्या र नारीहत्याको दृश्य देखेपछि मेरो मन निकै संवेग उत्पन्न भएर अशान्त भइरहेछ ।

राजगुरु- महाराज ! राज्यमा शान्ति उत्पन्न गर्नको निम्ति राम्रो सुव्यवस्था मिलाउन राज्य संचालन गर्नुको निम्ति, लोकमा समान रुपले न्याय व्यवस्था मिलाउन गरिबक्सेको राजधर्मोचित कार्यमा यस्तो हुनु स्वभाविक छ । त्यसकारण हजुरले चिन्ता लिनु आवश्यक छैन । योग्य छैन । त्यसको सट्टा प्रजाहरुलाई कुन तरिकाले शान्ति दिन सकिन्छ, कसरी राष्ट्रवासीहरुलाई अनुशासन गर्ने भन्ने विषयमा विचार गर्नुभए उपयुक्त हुनेछ ।

अशोक- हुन्छ विचार गर्छु । उनी श्रमणको चाल निकै शान्त छ । शायद उनीबाट केही मार्ग निर्देशन हुन्छ कि ।

(कोटवालले न्याग्रोधलाई अगाडि राखी प्रवेश गर्छ ) राजा आसनबाट उठेर स्वागत गर्न जान्छ, महारानीसहित सबै आफ्ना आसनबाट उठेर आदर पूर्वक सम्मान प्रदर्शन गरी उठिरहन्छन्, न्याग्रोध श्रामणेर पनि अनुकम्पापूर्वक विस्तारै आउँछ ।

अशोक- भो श्रमण ! यहाँ तपाईलाई स्वागत छ तपाईले योग्य आसन ग्रहण गर्नुहोस् ।

न्यग्रोध- (चारैतिर हेरेर राजालाई आफ्नो पात्र दिन्छ । राजाले लिन्छ, अनि सिधा गएर राजसिंहासनमा बस्छ, अशोक हेरिरहन्छ । )

अशोक - (नमस्कार गरेर सिंहासनको नजिकको आसनमा बस्छ । सबैले प्रणाम गर्छन्) भो श्रमण ! तपाइको शुभनाम के हो ? तपाई कुन वंशको हुनुहुन्छ ? कसको उपदेश ग्रहण गर्नु भयो ? तपाई कसको शिष्य हुनुहुन्छ ? अनि के ध्यान गर्नुहुन्छ ?

न्यग्रोध-महाराज मलाई न्यग्रोध भन्छन् । म शाक्यमुनि तथागतको वंशको हुँ । सर्वज्ञ भगवान बुद्धको शिष्य हुँ । उनकै ओवापदेशलाई ग्रहण गरेको छु । फेरि परम शान्त निर्वाणको ध्यान गर्दछु ।

अशोक- तपाइले तथागतको ओवापदेशलाई जान्नुभएको भए हामीलाई पनि त्यो उपदेश दिनुहोस् ।

न्यग्रोध- महाराज ! मैले राम्रो सँग व्याख्या गर्न त सकेको छैन तैपनि तपाइको सुन्ने इच्छा भए मैले जानेअनुसार बताउँछु । ध्यान दिएर सुन्नुहोस् ।

अप्पमादो अमतदं पमादो मच्चुनोपदं ।
अप्पमत्ता न मीयन्ति ये पमत्ता यथा मता ॥

महाराज ! अप्रमाद भैरहनु अर्थात जागृत भैरहनु अमृतपन हो । प्रमादी भैरहनु मृत्युपद हो । प्रमादीहरुको मृत्यु भए झैं अप्रमादीहरुको मृत्यु हुँदैन ।

अशोक- भन्ते ! यो उपदेश त निकै नै कल्याणकारी उपदेश हो । कृपापूर्वक विस्तारै अरु पनि बताउनुभए अति उत्तम हुनेछ ।

भन्ते ! तपाइको यो उपदेशले मेरो मनलाई निकै शान्ति प्रदान गर्‍यो । आजदेखि म उनी शास्ता बुद्धको शरणमा जान्छु । उहाँबाट देशना गरिराख्नु भएको धर्म र उनका श्रावकसंघको पनि शरणमा जान्छु

न्यग्रोध-साधु ! साधु! साधु ! महाराज, अप्रमादपूर्वक राज्य संचालन गर्नुहोस् । प्रजाहरुलाई सुख प्रदान गरेर राज्यधर्म पालन गर्नुहोस् ।

अशोक- भन्ते, मलाई कलिङ्गयुद्धको विभत्स दृश्यले गर्दा हिंसाप्रति निकै नै संवेग उत्पन्न भएर त्यसबेलादेखि

नै मैले शस्त्र त्यागेर हिंसा छोड्ने निश्चय गरेको थिएँ । परन्तु शान्तिको मार्ग भेट्टाउन नसक्दा घोषणा गर्न सकेको थिइन । तपाइको सत्उपदेशले मलाई मार्गदर्शन प्राप्त भयो । आजदेखि मैले युद्ध गरेर जम्बुद्वीपलाई जितेर शासन गर्नुको सट्टामा तथागत भगवान् बुद्धको अमृतमय उपदेशानुसार धर्मपूर्वक शासन गरेर राज्य सञ्चालन गर्नेछु

महामात्य ! यो घोषणा जम्बुद्वीपका सारा राष्ट्रहरुमा प्रचार प्रसार गर्नु । साथै कार्यान्वयनको निम्ति पनि अहिले देखि नै अग्रसर हुनु यही मेरो बिजय हो । यही मेरो अनुशासन भयो ।

न्यग्रोध- साधु ! साधु ! साधु ! महाराज तपाई सहित यो राष्ट्र र राष्ट्रवासी सबैको कल्याण होस् । आजको विजयदिवसले सदैव शान्तमय सुखको प्रारम्भ होओस् ।

अशोक- भन्ते ! भोलीदेखि तपाइको उपाध्याय, गुरु, अनुशासक संघसहित सबै भिक्षु-श्रावकहरुलाई पिण्डपात्र अर्पण गर्छु । कृपया स्वीकार गर्नुहोस् ।

न्यग्रोध- (पात्र लिएर बिस्तारै फर्कनुहुन्छ ) अप्पमादेन सम्पादेथ । (अप्रमादी भएर सम्पादन गर्नेछ)

सबै- बुद्धं शरणं गच्छामी । धम्मं शरणं गच्छामी । संघम शरणं गच्छामी ।

बुद्धं शरणं गच्छामी । धम्मं शरणं गच्छामी । संघम शरणं गच्छामी ।

बुद्धं शरणं गच्छामी । धम्मं शरणं गच्छामी । संघम शरणं गच्छामी ।

# के अहिंसा कमजोर हुन्छ ?

बुद्धधर्मको अहिंसा सम्बन्धमा अर्को पनि भ्रम धारणा छ । कतिपयले बुद्धधर्मको अहिंसालाई कमजोर बा दुर्बल पनि सम्झने गर्दछन् । केही विद्वानहरुले त भारत पराधिन भएको कारण पनि बुद्धधर्मको अहिंसाबादलाई मानेका छन् । उनीहरुले भारतले अहिंसावादी बुद्धधर्म अपनाएको कारणले त्यसको युद्ध गर्ने शक्ति कमजोर र क्षीण हुँदै गयो र जसको परिणाम मुसलमान र बृटिशहरुबाट पालै पालो पराजित हुन पर्‍यो ।

त्यो आरोप सरासर गलत हो । जुनबेला सम्म त्यहाँ बुद्धधर्म राम्रो अवस्थामा थियो, त्यसबेला सम्म भारत सशक्त, सुदृढ र संपन्न थियो । इतिहासकारहरुले भारत पराधिन भएको १२ औं शताब्दी पश्चात मानेका छन् । जुन वेला बुद्धधर्म त्यहाँ पतोन्मुख अवस्थामा पुगेको थियो । बास्तवमा मुसलमानहरुको विजयबाटै भारतको पतन शुरु हुन्छ । मुसलमानहरुले सिद्ध नरेश दहिर शाहलाई, कन्नौजपति जयचन्द्रलाई, दिल्ली शर पृथ्वीराज आदि लाई जिते । नादियाका राजा लक्षण सेन कुतुबुद्दिनको नाम सुन्दै भागेर गएका थिए । महत्त्वपूर्ण ती राजाहरुका पराजय पश्चात भारतको पराधिनता शुरु भएको हो । ती पराजित राजाहरु कोही पनि बौद्ध थिएनन् भने बुद्धधर्मको अहिंसावादको कारण भारत पराधिन भएको हो भन्ने जुन आरोप लगाउने गरीएको छ, त्यो अन्याय र पक्षपातपूर्ण छ ।

अहिंसाको बल कति हुन्छ भन्ने भगवान बुद्धले आफ्नो जीवनकालमा देखाएको सर्वविदित छ । त्यसबेलाका राजा बिम्बिसार, बिन्दुसार, अजातशत्रु, प्रसेनजित, सम्राट अशोक, कनिष्क देखि हर्षवर्द्धन सम्मका बौद्ध राजाहरु कहिल्यै कसैबाट पराजित भएका थिएनन् । उनीहरु अहिंसावादी थिए । सशक्त र पराक्रमी थिए । महात्मा गांधीले अहिंसात्मक आन्दोलनबाट भारत स्वतन्त्र गरेको सर्वविदित छ । त्यहाँमात्र होइन, पञ्चायतको विरुद्धमा सर्वोच्च नेता गणेशमान सिंहको नेतृत्वमा नेपालमा २०४६ सालको ऐतिहासिक जन आन्दोलन पनि अहिंसात्मक थियो र दुई महिना भित्रमा नै तीस वर्ष जरा गाडेर रहेको पञ्चायतको अन्त भयो । यी सबैलाई दृष्टिगत गर्दा अहिंसा कमजोर हुन्छ, त्यसले केही गर्न सक्दैन भन्ने कुरा स्वत मिथ्या सवित हुन्छ ।

# पश्चिमाञ्चल स्तरीय बौद्ध जागरण प्रशिक्षण शिविर: एक रिपोर्ट

पोखरामा गोष्ठी सेमिनारहरु धेरै हुने गर्दछन् । तालिम प्रशिक्षण पनि हुन्छन् । तर २०६१ कार्तिक १४ गते देखि १६ गतेसम्म शाक्य समाज भवनमा पश्चिमाञ्चल स्तरीय जुन बौद्ध जागरण प्रशिक्षण भयो, त्यो दूरगामी महत्वको रह्यो ।जागरण शिविर ले प्रशिक्षार्थीहरुको मन र मष्तिस्कमा ठूलो प्रभाव पार्‍यो । उनीहरुले प्रशिक्षण पश्चात केही प्रतिबद्धता पनि जाहेर गरे- शान्तिका लागि र सद्धर्मको प्रचार प्रसारमा सक्दो काम गर्ने अठोट व्यक्त गरे । त्यो अठोट र प्रतिबद्धताले स्थानीय स्तरमा जागरण ल्याउने अपेक्षा गरिएको छ ।

त्रिभुवन विश्वविद्यालयमा बौद्ध दर्शन विषयमा एम ए अध्ययन गरिरहेका विद्यार्थीहरुको संस्था बौद्ध अध्ययन समाज नेपाल र पोखराको युवा बौद्ध संघको संयुक्त आयोजनामा भएको त्यो बौद्ध जागरण शिविर धेरै अर्थमा महत्वपूर्ण र स्मरणीय रहन गएको छ । १५ वटा कक्षामा विभाजित प्रशिक्षण कार्यक्रमको शुरुदेखि अन्तसम्म त्रिविविका रीडर तथा बौद्ध विद्वान डा. भद्र रत्न बज्राचार्य स्वयं शरिक हुनुहुन्थ्यो । उहाँको उपस्थितिले प्रशिक्षक र प्रशिक्षार्थीहरु सबैलाई प्रेरणा र प्रोत्साहन दिएको थियो भने दोश्रो दिन उहाँ आफैले पनि बुद्ध शासनको इतिहासबारे विशद् व्याख्या गर्नु भएको थियो । उहाँले बुद्ध शासन किन भनियो र त्यो शासन विभिन्न कालमा के कस्तो अवस्थामा रहेको थियो, त्यसको ऐतिहासिक प्रमाणको आधार मा प्रष्ट पार्नु भएको थियो ।

पहिलो दिनको पहिलो कक्षा भिक्षु संघरक्षितको थियो भने उहाँका सहयोगीका रुपमा पुष्प शाक्य हुनुहुन्थ्यो । भिक्षु संघरक्षितले बुद्ध जीवनीवारे अत्यन्त सरल र स्पष्ट किसिमले प्रकाश पार्नु भयो । बुद्धको जीवनमा घटेका महत्वपूर्ण घटनाहरुको उहाँले सजीव किसिमले व्याख्या गर्नुभएको थियो । दोश्रो कक्षा पञ्चशील (शील सदाचार) को विषयमा थियो । बुद्धधर्ममा शील सदाचारको महत्व र आवश्यकता वारे धर्मरत्न बज्राचार्यले वताउनु भएको थियो भने त्यसबेला उहाँका सहयोगीका रुपमा रहनु भएको थियो सविता धाख्वा । त्यस्तै चतुर्आर्य सत्यका संबन्धमा सुरेन्द्र बज्राचार्य र गौतमवीर बज्राचार्यले कक्षा लिनु भएको थियो भने त्यस दिनको अन्तिम कक्षा डा. गेहेन्द्रमान उदासको थियो । उहाँले मानवीय विकासमा बुद्धधर्मको योगदान वारे विभिन्न आंकडा दिएर उल्लेख गर्नु भएको थियो ।

दोश्रो दिनको पहिलो कक्षा अधिवक्ता सुरेन्द्र थापा मगरको थियो । उहाँले बुद्ध धर्म र जनजाति वारे प्रशिक्षण दिंदै राज्यले जनजातिका लागि धेरै काम गर्न बाँकी रहेको बताउनु भयो । महेन्द्ररत्न शाक्यले बुद्धधर्मको महत्वपूर्ण अंग चतुब्रम्ह विहार अर्थात मैत्री, करुणा, मुदिता र उपेक्षाका विषयमा गहन किसिमले उल्लेख गर्नु भयो भने विश्व शाक्यले बुद्धधर्मका विशेषताहरु एक एक गरेर उल्लेख गर्दै व्याख्या गर्नु भएको थियो । त्यसपछि, बौद्ध दृष्टिकोणमा महिला र पुरुषवीचको समानता विषयको कक्षा थियो, जुन विषयलाई सविता धाख्वाले सरल र उदाहरण दिएर उल्लेख गर्नु भएको थियो । त्यसबेला उहाँलाई जुनु बासुकलाले सहयोग गर्नु भएको थियो । त्यस दिनको अन्तिम कक्षा बौद्ध विद्वान त्रिरत्न मानन्धरको थियो । उहाँले विपश्यना ध्यानको महत्ववारे सैद्धान्तिक ज्ञान दिनु भएको थियो । ध्यानको अभ्यास भने समयाभावले गर्न सकिएन ।

तेश्रो या अन्तिम दिनको कार्यक्रम अनदु मीन थुम्कीस्थित पोखराको विश्व शान्तिस्तूपमा निर्धारण गरिएको थियो । सो दिन शान्तिस्तूपको छैटौं वार्षिक पूजा समारोह पनि थियो । सहभागीहरु सो पूजामा सम्मिलित हुने, त्यहाँबाट पोखरा उपत्यकाको

दृष्यावलोकन गर्ने र भोजन पश्चात जागरण शिविरको बाँकी कक्षाहरु संचालन गर्ने कार्यक्रम थियो। निर्धारित कार्यक्रम अनुसार सहभागीहरु बिहान फेवातालमा नौका बिहार गरेर तालपारी गै त्यहाँबाट शान्तिस्तूपमा पुगेका थिए। शान्तिस्तूप परिसरबाट दृष्यावलोकन गरी सबै सहभागीहरु त्यहाँ आयोजित पूजा समारोहमा सरिक भएका थिए। भोजन पश्चात जागरण शिविरको बाँकी कक्षाहरु निष्पोनजान म्याहोजी प्रार्थनाहलमा संचालन गरिएको थियो। त्यहाँ भिक्षु श्रद्धानन्दले पोखरामा बुद्धधर्मको स्थापना र विकासबारे विस्तृत प्रकाश पार्नु भएको थियो भने काठमाण्डौमा बुद्धधर्मको स्थितिको पं. हेराकाजी बज्राचार्यले उल्लेख गर्नु भएको थियो।

यस किसिमले बुद्धधर्मका विभिन्न विषयमा दिइएको प्रशिक्षणले सहभागीहरुमा ठोस रुपमा केही ज्ञान थपिएको, केही बोध भएको र बुद्धधर्मको प्रचार प्रसार गर्नमा आफूले आफ्नो क्षेत्रमा केही न केही गर्नुपर्ने दायित्व बोध महसुस गर्नु भएको थियो। कार्यक्रको अन्तमा कार्यक्रम संयोजक सविता धाख्वाको सहयोगमा सहभागीहरुले आफ्नो कार्ययोजना र प्रतिबद्धता लिखित रुपमा प्रकट गर्नु भएको थियो। त्यसपछि अन्तरक्रिया र जागरण शिविरको मूल्यांकन गरिएको थियो।

जागरण शिविरको पहिलो दिन बिहान उद्घाटन समारोहको आयोजना गरिएको थियो। समारोहमा मुख्य अतिथि त्रिविविका रीडर तथा बौद्ध विद्वान डा. भद्ररत्न बज्राचार्यले दीप प्रज्वलन गरी उद्घाटन गर्नु भयो। आफ्नो उद्घाटन भाषणमा उहाँले बौद्ध शिक्षालाई राम्रो र सरल किसिमले जन समुदायमा प्रवाहित गर्न सक्यौं भने विद्यमान अशान्ति निराकरण हुन सक्ने विचार व्यक्त गर्नुभयो।

भिक्षु श्रद्धानन्दको सभापतित्वमा भएको उद्घाटन समारोहमा भिक्षु संघरक्षित र पोखरा विश्वविद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजूले शुभकामना व्यक्त गर्नु भएको थियो भने बौद्ध अध्ययन समाज, नेपालका अध्यक्ष गौतमवीर बज्राचार्यले धन्यवाद ज्ञापन, कार्यक्रम संयोजक सविता धाख्वाले कार्यक्रको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो। युवा बौद्ध संघ पोखराका अध्यक्ष विक्रम बुद्धाचार्यले स्वागत भाषण गर्नु भएको थियो। कार्यक्रमको संचालन संघका उपाध्यक्ष रन्जन बुद्धाचार्यले गर्नु भएको थियो।

सहभागीहरुको पोखरा बसाइलाई अविस्मरणीय एवं रमाइलो पार्न दृष्यावलोकनको कार्यक्रम पनि राखिएको थियो। निर्धारित कार्यक्रम अनुसार पहिलो दिन सहभागीहरुले माटेपानी स्थित कर्मसिद्ध पारंपरा धर्मचक्र दीपश्य बिहार र बौद्ध अर्घौं सदनको अबलोकन भ्रमण गर्नुभयो। बौद्ध अर्घौं सदनको स्थापना र विशेषतावारे सदनका अध्यक्ष वीरबहादुर गुरुङले जानकारी दिनु भएको थियो। त्यस्तै दोस्रो दिन सहभागीहरुले महेन्द्र गुफा, ह्याजा स्थित बोधिधर्म दीपश्य बिहार र मोहरिया टोलको धर्म संघ बुद्ध बिहारको अबलोकन गर्नु भएको थियो।

जागरण शिविरमा पश्चिमाञ्चलका बिभिन्न जिल्लाका बौद्ध संघ संस्थाहरु र स्थानीय संचार माध्यमका प्रतिनिधिहरु पनि सहभागी थिए। पर्वत जिल्लाको म्याग्दी बौद्ध संघबाट राजेश शाक्य, रजिना राना, रञ्जिता शेरचन, कल्पना पुन, निर्जला श्रेष्ठ र ईश्वरी थापा तथा मगर बौद्ध सेवा समाज, बेनीबाट नरबहादुर थापा मगर, बाग्लुङ स्थित ज्ञानोदय बुद्ध बिहारका मुकुन्दराज शाक्य र महिला बौद्ध संघका रत्नदेवी बज्राचार्य, युवा बौद्ध संघका दिपेन्द्र शाक्य, पल्पी जिल्लाबाट ज्ञानमाला संघ, सुगन्ध बिहारका सुवर्णलाल कक्षपति र जीवन कुमार कसजू तथा नव आदर्श बौद्ध समाजका राजु बज्राचार्य, मुस्ताङ जिल्लाको साम्तेलिङ गुम्बाका तर्फबाट सुक प्रसाद लालचन, गोरखा जिल्लाबाट गोरखा बौद्ध संघका मोहनरत्न शाक्य, चितवन जिल्लाको शान्ति संगम बौद्ध सेवा समिति, मुग्लिङका मणि शाक्य, लमजुङ जिल्लाको धर्मोदय सभाबाट टसबहादुर गुरुङ र घ्युलस घ्यो गुम्बाका लामा ओम गुरुङ, रुपन्देही जिल्लाको धर्मोदय सभाबाट विद्यादेवी शाक्य, पाल्पा तानसेन आनन्द बिहारबाट सर्जुलाल बज्राचार्य, स्याङ्जा जिल्लाको रुद्र बहादुर सुनार, कास्की जिल्लाको बौद्ध अर्घौं सदनका मैना

गुरुङ्ग, पुष्प गुरुङ्ग र पवन गुरुङ्ग मैत्री संघबाट दिपकलाल उदास र बखत बहादुर गुरुङ्ग, सद्धर्म सभा, धर्म संघ बुद्ध बिहार बाट तेजेन्द्र शाक्य र बुद्धकुमार बज्राचार्य, ताङवे समाज सेवा संघबाट लाक्पा छिरिङ, नेपाल लामा संघबाट मीनबहादुर लामा नेपाल तामाङ्ग घेडुङ्गका प्रेमबहादुर तामाङ्ग, तमु सेवा समिति नयाँ बजारका क्या. चन्द्रप्रसाद गुरुङ्ग र कृष्णबहादुर गुरुङ्ग र धर्मोदय सभाका कृष्णमान गुभाजू, ह्याजा गुम्बाका स्यान्डु ग्याट्सो, छोरेपाटन गुम्वा ङवाङ्ग थुरोक, ज्ञानमाला संघ, धर्मशिला बुद्ध बिहारबाट श्याम शाक्य, उपासिका संघबाट विमा गुरुङ्ग र गणेशमाया शाक्य युवा बौद्ध संघका गीता नेपाली र सुरज श्रेष्ठ पत्रकारिता क्षेत्रबाट आदर्श समाज दैनिकबाट कृष्णप्रसाद बास्तोला, राजधान दैनिकबाट राजप्रसाद तिमिल्सिना, एफ.एमहरु मध्येबाट हिमचूली एफ.एमका बुद्धधर्म संबन्धी कार्यक्रम प्रस्तोता राजकुमारी गुरुङ र पोखरा एफ एम का सुशन पौडेल तथा धर्म चक्षु बौद्ध मासिक पत्रिकाका तिलकमान गुभाजू सहभागी हुनुहुन्थ्यो ।

जागरण शिविरको समापन कार्यक्रम विश्वशान्ति स्तूपमा संपन्न भएको थियो । समारोहमा जापानका भिक्षु मोरियोका सोनीले प्रमुख अतिथिको आसनबाट बुद्ध धर्मको विषयमा यस्तो प्रशिक्षणको आयोजना गरेकोमा र सो कार्यक्रमको केही अंश शान्ति स्तूपमा गरिएको र सहभागीहरु स्तूपको पूजा समारोहमा सरिक भएकोमा खुशी व्यक्त गर्नु भयो । उहाँले सहभागीहरुलाई प्रमाण पत्र पनि वितरण गर्नु भयो ।

भिक्षु संघरक्षितको सभापतित्वमा भएको सो समारोहमा सहभागीहरुका तर्फबाट सर्जुलाल बज्राचार्य र रुद्रबहादुर सुनारले कार्यक्रमको उपादेयतावारे प्रतिक्रिया व्यक्त गर्नु भएको थियो । कार्यक्रम संयोजक सविता धाख्वाले कार्यक्रममा व्यक्त प्रतिबद्धतालाई पूरा गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो । अन्तमा युवा बौद्ध संघका उपाध्यक्ष र ललन बुद्धाचार्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो भने कार्यक्रम संचालन सचिव भुवन ताम्राकारले गर्नु भएको थियो ।

सो कार्यक्रममा बौद्ध अर्घौं सदन, कन्चन आभूषण, फोर लाइन ज्वेलरीज र एलिगेन्स ट्रेड सेन्टर, विश्व शान्तिस्तूप, धर्मशिला बुद्ध बिहार र बौद्ध अध्ययन समाज, नेपालले भोजनको र मनोकामना आयल स्टोर्स, ललिता धाख्वा, लक्ष्मी भण्डार र पञ्चलक्ष्मी बुद्धाचार्यले जलपानको व्यवस्था गरी तथा थकाली समाज सेवा समिति र सद्धर्म सभाले सहभागीहरु बस्ने र प्रशिक्षण स्थल प्रदान गरी सहयोग पुऱ्याउनु भएको थियो ।


अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र गुरुमाको स्मृतिमा स्थापित

**धर्मशिला विद्वत वृत्ति**

प्राप्त गर्नुहुने

**भिक्षुणी सुजातालाई**

हार्दिक बधाई ज्ञापन गर्दछु ।

**श्रीमती हीरामाया गुभाजू**

मोहरियाटोल, पोखरा

फोन नं: ५३०३०५



अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाको हार्दिक स्मरण गर्दै उहाँको नाममा स्थापित **धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने **भिक्षुणी सुजातालाई** हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**सुश्री सूर्यमाया बज्राचार्य**

मोहरियाटोल, पोखरा

फोन नं: ५२३६४८

# नेपालमा बुद्धधर्म र संस्कृतिको देन

तिलक पराजुली

इतिहास शिरोमणि बाबुराम आचार्यको "प्राचीनकालको नेपाल" नामक एक महत्वपूर्ण इतिहास सबन्धी क्रिति हालै प्रकाशमा आएको छ। यस पुस्तकमा केही कुराहरु उहाँकै यस अगाडी प्रकाशित भैसकेको पुस्तक "चीन तिब्बत र नेपाल" मा छापिएका कुराहरु पनि परेका छन्। यी दुवै पुस्तकमा उहाँले सानो तर प्रसिद्ध नदी बाग्मतीको शिरान र किनारामा अवस्थित वर्तमान काठमाण्डौं नै नेपालको केन्द्रस्थल रहेको वताउनु भएको छ। इतिहासकालको प्रारम्भमै यस देशको नाम "नेपाल" रहेको र यहाँका वासिन्दा नेवार वा नेपारबाट नै "र" को ठाउँमा मागधीवर्गको पाली वा प्राकृत भाषामा "ल" उच्चारण गरिएबाट "नेपाल" हुन गएको तथ्यका धेरै प्रमाणहरु पेश गर्नु भएको छ। नेवारहरु किरात वशका हुन भन्ने पनि उहाँको मत छ, यद्यपि यी नेवारहरुको रुप, रङ्ग, शील स्वभाव र आचार तथा व्यवहार सबै नै आर्यावर्तमा रहेका आर्यहरु सँग मिल्ने कुरा पनि उहाँले वताउनु भएको छ।

प्राचीन कालमा "नेपाल" भन्नाले काठमाण्डौ उपत्यकालाई इङ्गित गर्ने कुरामा सबैको सहमति छ। यो काठमाण्डौ खाल्डो पहिले जलासय थियो भन्ने कुरा पनि सर्वमान्य तथ्य हो। त्यसैले पहिले पहिलेका वस्तिहरु काठमाण्डौ खाल्डोलाई घेरेका ती स-साना पहाडहरुमै भएको हुनुपर्दछ। यी किराँत वंशकै तामाङ्गहरुको वस्ति अहिले पनि यहाँ नै रहेकाले यस कुरालाई पुष्टि गर्दछ। अब यो जलाशयको जल बाहिर प्रवाहित गराई मानव वस्ति वसाउने काम केसरी भयो ? भन्ने कुरा विचारणीय छ।

नेपाली भाषा वंशावली अर्थात बृहत्स्वयम्भू पुराणहरुमा नेपाल उपत्यकामा बसोबास योग्य बनाउन गरिएका अद्भुत तथा अलौकिक कुराहरु लेखिएका छन्। जे भए पनि यी पुराणहरुले एतिहासको आधार भने प्रस्तुत गरेका छन्। नेपाल मै ब्रिटिश अधिकारी को रुपमा धेरै वर्ष बसेका पूर्वीय इतिहासका पश्चिमा विद्वान डानियल राइट (Daniel Wright) ले नेपालको इतिहास (History Of Nepal) लेखि सन् १८७७ मा क्याम्ब्रिजबाट प्रकाशित गराएका छन्। यस पुस्तकमा त्रेता युगमा मञ्जुश्री बोधिसत्व महाचीनबाट स्वयम्भू ज्योतिको दर्शन गर्न यहाँ आएको, उनले पानीको तलाउको रुपमा रहेको यो नाग-हदलाई आफ्नो अलौकिक शक्तिद्वारा डाँडाकाटी पानी प्रवाहित गराई मानिस वस्न लायक बनाएको कुरा उल्लेख छ। यस कुरालाई कर्क प्याट्रिक, वल्डफिल्ड, हड्सन आदि नेपालको इतिहासका विज्ञ विदेशी र स्वदेशी इतिहासकारहरले पनि उल्लेख गर्न छुटाएका छैनन्। अझ अगाडि बढेर हेर्दा मन्जुश्री बोधिसत्व यहाँ आउनु पूर्व नै क्रमशः विरोचन, अक्षोभ्य, रत्नसम्भव, अमिताभ, अमोघसिद्धि र बज्रसत्व लगायतका अलौकिक बुद्ध तथा विपश्वी, शिखि, विश्वभू, ककुच्छन्द, कङ्कमुनि र कश्यप जस्ता मानव बुद्ध विभिन्न कालमा नेपाल आएको कुरा डेनियल राइट महोदय र बालचन्द्र शर्माले आफ्ना इतिहासका पुस्तकमा उल्लेख गर्नु भएको छ।

तर यहाँ मंजुश्री बोधिसत्वको आगमन र नाग-हद देखि जल बाहिर प्रवाहित गराई मानव वस्ति बसाउने गरेको कार्यको चर्चा गर्नु नै खास महत्वको रहेको छ। यी बोधिसत्वले अलौकिक शक्ति प्रयोग गरेको कुरा किम्बदन्ति र अतिशयोक्तिपूर्ण छ। वास्तवमा भएको के स्वाभाविक देखिन्छ भने मंजुश्री बोधिसत्व महाचीनबाट आफ्ना अनुयायीका साथ



Wondershare PDFelement

यहाँ आए। काठमाण्डौ खाल्डो जुन जलाशय थियो त्यसको वरिपरि रहेका पहाडमा मानववस्ति थिए। ती वासिन्दा यिनै तामाङ्ग र नेवार थिए। जलाशयको जल क्रमशः सुक्दै अलि तल तल सम्म पनि मानव वस्ति विस्तारित भएका थिए। यस्तो अवस्थामा यहाँ आईपुगेका यी बोधिसत्वलाई कुनै पहाडी घेंचबाट पानी बाहिर बगाउने मार्ग बनाएमा बढी आवादी हुन सक्ने बिचार आएको हुनसक्छ। आफ्नो बिचार लाई साकार रुप दिन उनले यहाँका वासिन्दा र आफूसँग आएका व्यक्तिलाई उत्प्रेरित गरे होलान् र पहाडको घेच्नखनी पानी बाहिर बगाएर वस्ति विस्तार गरिएको होला । यो नै व्यवहारिक र वैज्ञानिक निश्कर्ष निकाल्न सकिन्छ ।

मंजुश्री बोधिसत्वको नाउलाई लिएर पनि विवाद र संखा उत्पन्न गर्ने कार्य केही विदेशी इतिहासकार ले गरेका छन्, र यही संखा बालचन्द्र शर्मा आफ्नो "नेपालको ऐतिहासिक रुपरेखा" पुस्तकमा पनि व्यक्त गरेका छन् । "बंशावलीमा मंजुश्रीको साथ ठूलो संख्यामा ब्राम्हण र क्षेत्रीय शिष्यहरुको आगमन पनि लेखिएकाले मंजुश्रीको आगमन र उनको साथ सम्वन्धित अन्य घटनाहरु निराधार र कपोलकल्पित मात्र लाग्दछ" भन्ने बालचन्द्र शर्माको भनाइ सँग सहमत हुन सकिदैन । मंजुश्री महाचीनबाट यहाँ आउँदा नेपालको दक्षिण भारत हुँदै नेपाल पसेका र भारतमा बस्दा रहँदा त्यहाँका ब्राम्हण क्षेत्रीलाई समेत आफ्नो मतमा ढाली शिष्य बनाई नेपाल प्रवेश गरेको हुन सक्दछ। जेसुकै होस्, सानो संखा उठाएर मंजुश्री बोधिसत्वको नेपाल आगमनलाई मिथ्या सावित गर्न खोज्नु इतिहासलाई अपभ्रंस गर्ने कार्य बाहेक केही हुन सक्दैन ।

मंजुश्री बुद्धत्व प्राप्त गर्न प्रयासरत बोधिसत्व जस्तो व्यक्ति यहाँ आफ्ना शिष्यहरुका साथ आई वस्ति विकास र विस्तारको कार्य मात्र गरेनन् । उनले यहाँका निवासीहरुमा बौद्ध शिक्षाको बोध गराउनुका साथै दैनिक जीवनमा यसका शीलहरु उतार्न समेत अवश्यमेव अभिप्रेरित गरेका छन् । मंजुश्री बोधिसत्वले पद्मगिरी (स्वयंभूको पहाड) देखि गुहेश्वरीसम्म नगर बसाए। नेपालको नगर वस्तिको प्रारम्भिक शुरुवात नै यही हो। यसै नगर को नाउँ "मञ्जुपतन" रहेको भन्ने कुरामा नेपालको इतिहास लेख्ने डेनियल राइटले सविस्तार उल्लेख गरेका छन् । यही नगरमा उनका शिष्यले मंजुश्री चैत्य पनि निर्माण गरे र प्रत्येक वर्ष बसन्त पञ्चमीको दिन मंजुश्रीको सम्झनामा पूजा-आजा गर्ने मेला लाग्ने चलन पनि चलाइयो जुन अहिले सम्म चिरन्तन चलिरहेकै छ ।

यसरी नेपाल राष्ट्र निर्माणमा, यहाँको धर्म संस्कृति र कलाको निर्माणमा आदिकाल देखि बोधिसत्व र बुद्धधर्मको ठूलो देन रही आएको छ । यो त सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नुभन्दा पहिलेको कुरा हो । आज हामीले नेपालको जुन सँस्कृतिक वैभव देख्दछौं, त्यसमा बुद्ध संस्कृतिको ठूलो देन छ। इतिहास शिरोमणि बाबुराम आचार्यले "चीन तिब्बत र नेपाल" पुस्तकको पृष्ठ ३ मा लेखेका छन्- "इतिहासकाल भन्दा पहिले नै काठमाण्डौ र यसको आसपासमा आबाद भएर रहेका नेपार वा नेवारहरुले यस क्षेत्रमा स्थापना गराइ दिएको नेवारी सभ्यता र संस्कृतिको जग पति दह्रिलो र दर्बिलो भएर रहँदै आएको छ कि श्री ५ पृथ्वीनारायण जस्ता यशस्वी र महत्वाकांक्षी व्यक्ति पनि यस सभ्यता र संस्कृतिप्रति सहजरुपमा नै आकर्षित हुन आई पुगेका पाइन्छन् । राजनैतिकरुपले यद्यपी यिनी यस क्षेत्रमा विजेताका रुपमा उपस्थित हुन आइपुगेका थिए, तर सांस्कृतिक रुपमा भने यिनी यस क्षेत्रमा विकसित भएर रहेको सभ्यता र संस्कृतिबाट पराजित भएका पाइन्छन् । यस क्षेत्रको सभ्यता संस्कृतिवाट प्रभावित भएर नै आफ्नो राज्यको राजधानी लाई गोरखाबाट काठमाण्डौमा सार्न यिनी बाध्य भएका थिए ।

# सुन्दर नेपाल

धर्मराज थापा "जनकविकेशरी"

के यस्तो दृश्य परेको देख्न सुन्दर यो नेपालमा
रगतकै खोला उर्लंदै आयो शान्तिको हिमालमा !!
छोरा छ विदेश, बाबु छ स्वदेश, आमा छ झ्यालखानामा
घोरौरै घोर घमासान युद्ध एउटै सन्तानमा !!

तिलौराकोटमा तिब्बत-भोटमा बुद्धको उज्यालो !
बलेको देखी, संसारै उठी हालेको अँगालो ।
नेपाल शान्ति क्षेत्रको भूमि युद्ध र अशान्ति,
खरानी पाऱ्यो जिउँदै माऱ्यो, भएन विश्रान्ति ।

के यस्तो तिहार ? बुद्धको बिहार रगतले रंगाई,
आएको होला नेपाली चोला अशान्ति मच्चाई ।
अंगुलीमाल छोडेर ढाल रे शान्तिको भिखारी,
नेपाली बाल जाग र उठ नबस तीखारी ।

शान्तिका वर-पीपल वेर्ना रगतले फूल्दैनन्,
हत्यारो जीवन स्वर्गको रनबन आत्माले भुल्दैनन् ।
ढुक्कुरै रुन्छ बिहानै आई बुद्धको वारीमा,
अरिङ्गाल आई घार लाएकै छ सुन्तला घारीमा

पिएर आलो रगत तातो मस्त भै मगनमा,
"लुटको धन फूपुको श्राद्ध" गरेर चयनमा ।
न विता जूनि पापात्मा खुनी नेपाल देशमा
ॐ मणि पद्मे माने र पेमे घुमेको भेषमा

# PEACE EDUCATION FOR A NEW LIFE STYLE AND CULTURE IN ASIA

-Mr. Kul Shekhar Sharma

I am deeply honoured by the oppurtunity accorded to me to present before the distinguised delegates to the Asian Conference on Religion and Peace, a paper on "Peace Education for a New Life Style and Culture in Asia."

Since the turn of this century, mankind has taken a giant leap in technology. This tremendous progress in technology has substantially altered the life styles, and the physical, social and economic environment in which mankind lives today. The great advancement in the means of communications and transport has dramatically enhaced man's capacity for bringing human beings together, and for promoting peace, and understanding among peoples and nations. At the same time, technological advancement has also tremendously increased man's capacity for manufacturing instruments of mass destruction, threatening the very existence of humanity and civilization. Today more time, effort, and money are being spent on the production of arms or instruments of human destruction than on eliminating hunger, disease and ignorance which currently afflict a large part of human society. The material and the ephemeral has gained ascendancy over the moral and the spiritual, and individual accumulation and not common weal, has become the dominant passion among people. Thus, while the capacity of man to do good or bad has grown incredibly, the basic human nature with its innate propensities for both the good and the evil, remains the same. Development of the qualities of heart which can guide the use of the heightened capacity of man only for the good of the mankind, has not kept pace with the development of the human intellect. We do not have to go far to see the consequences of this state of affairs. Recent happenings in the Western part of Asia are still fresh in our minds. Unrest abounds in South Asia, and in many other parts of Asia. It is now time that mankind gace greater attention to a development of the qualities of the heart, and of a proper frame of mind and attitude towards fellow human beings inside and outside one's own country so that tensions and conflicts may be minimized, and mankind may live in peace to enjoy greater prosperity made possible by rapid technological progress. Clearly, a new culture must be evolved based on oneness of humanity and oneness of religion and the internal values of all the religions namely Truth, Compassion, Love, and Understanding among human beings. Religion must play a very important role in the development of such a life style and culture. Religion has alwasys played a dominant role in the lives of the Asian people and many of the nations in Asia, and it is the religion that one must turn to in search of relief from the present distressing situation, and in a restructuring of the present society, which has long been overdue.

Aheartening feature in the present dismal picture is that along with an up-

surge in materialism, a great revival of religious sentiments is in evidence in many Asian countries today. This resurgence, however, is related not to the internal values and principles propagated by various religions, but to the outward forms, symbols, and attitudes with which these religions have been associated. Many of these forms and symbols have become irrelevant or even anachronistic in the present social, cultural, and technological environment. Many of these are responsible for the present tensions and conflicts not only within societies but also among nations. Religion must come forward and chanelise the present religious upsurge to educate the people in eternal religious values, and in reforming social structures which have now become obsolete and even pernicious. Such and education should concentrate on training man's response towards what happens around him in a way that it does not give rise to feelings of anger, ill-will, retaliation, or despair. Such an education will be consistent with the teachings of all the religions. Wars and conflicts originate in the minds of men, and it is there that the quest for peace must begin. And the minds of men are influenced by their perceptions of justice and fairplay in the society.

Mankind has a natural desire to live in an environment of peace and amity. It is the operation of the social, economic, and political systems which give rise to the phenomenon of tensions, divisions, and conflicts in the society. It would be and illusion to believe that peace education by itself can help achieve peace without first removing the causes which generate fear, tension, and conflict, nationally and internationally. The most effective contribution to peace education would therefore come from a mitigation of the factors which arew causing such tensions and conflicts in the society, and in the world.

Present unrest in Asia and indeed in many other parts of the world stem mostly from poverty, from social, religious, and ethnic discrimination, from wide economic disparities, and the perceived injustice of it all. At the international level, tensions are caused by false and mistaken nations of sovereignty, natiolism, and national interest as well as by mutual distrust and fear, which appear to be as story as the avowed desire among nations to cooperate and live in peace with each other. The existence of authoritarianism or dictatorships in the world also prevents peopel of the different countries who are essentially peace-loving by nature to come together, is still anther cause of wars and conflicts.

There are various ways in which religion can help in mitigating tension and conflict. Firstly, it can emphasize oneness of relirion as distinguished from their established outward forms. Religion should inculcata an adherence to moral and spiritual values which are more important than its outward forms which have to be constantly adjusted to the changing outward environment, namely that of time, place, and circumstances. In one of the Upanishads (Hindu religious scriptures), religions are compared with cows which may be of different colours but the milk which all of them give is white. All religions inculcate the tents of peace, love, and compassion, and none of hatred, violence, and war.

Secondly, religion must undertake a mission to eliminate all forms of

discriminition including social, ethnic, and religious. No religion in the world accepts any form of discrimination among human beings as natural or desirable. Equality among human beings is enjoyed by all religions alike To take an example, in the famous Hindu scripture Gita, Lord Krishna says: "He who sees me in all beings, and all beingsin Me; Iam not lost to him nor is he lost to Me." yet it is the Hindu society which is beset with worst forms of discrimination. Similarly, all of us are grimly aware of the catastrophe wrought by ethnic discrimination in our part of the world. Religious differences at the state level are also responsible for much of friction and conflict in South Asia. Alleviation of discrimination can thus greatly mitigate friction both within the societies as well as among nations. Since most of the discrimination have their roots in religion, it would be appropriate for religion to work also foe an elimination of such discrimination. It is true that the political Constitutions of most of the countries do guarantee equality of all human beings before law and reject all kinds of discrimination. Discrimination, however, is too deeply entrenched in society to take the constitutional provisions a living social reality. The need to eliminate discrimination has to go beyond preachings to actual practice.

Thirdly, religion can contribute significantly to peace by working towards reduction of economic disparities. All religions including Hinduism, Buddhism, Christianity, Islam decry excessive materialism and a tendency for unlimited accumulation as impedimants to the attainment of spiritual goals. Also, overly acquisitive socirties have within them seeds of unrest and conflict. One of the Hindu scriptures goes to the extent of saying that he who accumulates more than what is needed to satisfy one's most urgent needs is a thief. In the same scripture, Lord Krishna says: "I reveal Myself to the very poor". The task of reducing disparities however, falls more appropriately within the purview of the state. But the task can be accomplished effectively only when its need is accepted by the society. Religion can play a very effective role in the mitigation of disparity by promoting a culture in which poverty is morally unacceptable and excessive accumulation of wealth is deprecated.

Fourthly, religions should play an important role in promoting and strengthening democratic institutions. It is the respect for the wishes of the people and their rights that can result in the establishment of a just socially and political order, without which lasting peace and harmony is not possible.

The problem before us now is how to meet the critical challenges faced by the human society today. Clearly, in view of the traditional hold which religion still has on the people of Asia, it seems that only religion has the capacity to meet this challenge. The term 'religion' here is meant to indicate not its various established forms but a way of life which lays emphasis on those higher aspects of human action and character which lays emphasis on those higher aspects of human action and character which lead to greater

अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र गुरुमाको स्मृतिमा स्थापित

**धर्मशिला विद्वत वृत्ति**

प्राप्त गर्नुहुने

**भिक्षुणी सुजातालाई**

हार्दिक बधाई ज्ञापन गर्दछु ।

**श्रीमती हेमलक्ष्मी बुद्धाचार्य**

मोहरिया टोल, पोखरा

फोन नं: ५२२३१५

अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाको हार्दिक स्मरण गर्दै उहाँको नाममा स्थापित **धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने **भिक्षुणी सुजातालाई** हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**श्रीमती श्रीमाया श्रेष्ठ**

बगालेटोल, पोखरा

फोन नं: ५२१३६१

अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र गुरुमाको स्मृतिमा स्थापित

**धर्मशिला विद्वत वृत्ति**

प्राप्त गर्नुहुने

**भिक्षुणी सुजातालाई**

हार्दिक बधाई ज्ञापन गर्दछु ।

**श्रीमती चन्द्रलक्ष्मी गुभाजू**

नयाँबजार, पोखरा

फोन नं: ५२०२४६

अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाको हार्दिक स्मरण गर्दै उहाँको नाममा स्थापित **धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने **भिक्षुणी सुजातालाई** हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**श्रीमती बुद्धलक्ष्मी बज्राचार्य**

बगालेटोल, पोखरा

फोन नं: ५२३५४८

अनगारिका धर्मशिलाको १८ औं पुण्य तिथिमा गुरुमाको हार्दिक स्मरण गर्दै उहाँको नाममा स्थापित **धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने **भिक्षुणी सुजातालाई** हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**श्रीमती उत्तर कुमारी पालिखे**

पालिखे चोक, पोखरा

श्री ५ रत्न राज्यलक्ष्मी कन्या स्कूलका संस्थापिका

श्रद्धेय अनगारिका धर्मशीला गुरुमाको १८ औं पुण्य स्मृतिमा

उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

र

उहाँको नाममा स्थापित धर्मशीला विद्वत वृत्ति-२०६१ प्राप्त गर्नुहुने

भिक्षुणी सुजाता गुरुमालाई

**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

चित्रा गुरुङ

प्रधानाध्यापक

श्री ५ रत्न राज्यलक्ष्मी कन्या स्कूल

नदीपुर, पोखरा

---

धर्मशीला बुद्ध बिहारका संस्थापिका तथा

बुद्धधर्मको प्रचार-प्रसारमा अतुलनीय योगदान पुऱ्याउनु भएका

श्रद्धेय अनगारिका धर्मशीला गुरुमाको १८ औं पुण्य तिथिमा

उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

तथा

उहाँको नाममा स्थापित धर्मशीला विद्वत वृत्ति-२०६१ प्राप्त गर्नुहुने

श्रद्धेय भिक्षुणी सुजातालाई हार्दिक शुभकामना व्यक्त गरी

उहाँको उत्तोरत्तर उन्नति र प्रगतिको कामना गर्दछौं ।

**धर्मशीला बुद्ध बिहार परिवार**

धर्मशीला मार्ग, नदीपुर

पोखरा



Wondershare PDFelement

का जि द न ३३/०५३/०५४ - ह द न : ०१/०५८/०५९

पोखरामा बुद्धधर्मको विकासमा अतुलनीय योगदान पुऱ्याउनु भएका

अग्रणी समाजसेवी, प्रजातन्त्रका सेनानी, हाम्रा पथप्रदर्शक

श्रद्धेय अनगारिका धर्मशीला गुरुमाको १८ औं पुण्य तिथिको अवसरमा

हामी गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

तथा

गुरुमाको नाममा स्थापित धर्मशीला विद्वत वृत्ति-२०६१ द्वारा सम्मानित हुनुहुने

श्रद्धेय भिक्षुणी सुजाता गुरुमालाई हार्दिक शुभकामना व्यक्त गर्दछौं

र उहाँको उत्तोरत्तर उन्नति र प्रगतिका लागि मंगलमय कामना गर्दछौं ।

**धर्मशीला विद्वत वृत्ति व्यवस्थापन समिति परिवार**

पोखरा

---

विश्वशान्ति स्तूप समिति, पोखराका संस्थापिका

श्रद्धेय अनगारिका धर्मशीला गुरुमाको १८ औं पुण्य तिथिमा

गुरुमा प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछौं ।

तथा

गुरुमाको नाममा स्थापित धर्मशीला विद्वत वृत्ति-२०६१ प्राप्त गर्नु

श्रद्धेय भिक्षुणी सुजातालाई हार्दिक शुभकामना व्यक्त गर्दछौं

र उहाँको उत्तोरत्तर उन्नति र प्रगतिका लागि मंगलमय कामना गर्दछौं

**विश्वशान्ति स्तूप समिति**

अनदु, मीनथुम्की

कास्की- पोखरा